# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०३/२५

चौथो अधिवेसन

(२५औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको २५ औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७६।०७७ को बार्षिक राजश्व र व्ययको अनुमान (बजेट) माथि सामान्य छलफलको बाँकी कारबाही प्रारम्भ हुन्छ ।

सर्व प्रथम माननीय माननीय **कर्ण बहादुर मल्ल**लाई समय दिन्छु ।

**माननीय कर्ण बहादुर मल्ल :-** माननीय महोदय, हामी २०७६/७७ को हाम्रो प्रदेश सरकारले ल्याएको हाम्रो बजेटको छलफलको लागी सदनमा अव्यस्त छौं । लोकतन्त्र वचाउनको लागी लोक माथि गोलि चलाउने अभिव्यक्ति दिने गृहमन्त्री भएको यो देशमा छिमेकी राजदूतको पत्रादेसमा आफ्ना देशका नागरिकलाई बिषादियुक्त तरकारी खाँदा हुन्छ भन्ने तरकारी बिज्ञ डक्टर सम्माननीय प्रधानमन्त्री भएको यो देशमा अत्रतत्र सर्वत्र भ्रष्टाचारको गन्धको विचबाट बजेट आएको छ मेरो प्रदेशमा र हामी बजेटको बहसमा अव्यस्त छौं ।माननीय महोदय प्रतिपक्षले रातो किताब किन जलायो अरुकुरा सबै ठिक थियो भनेर यो गरिमामय संसदमा र बाहिर पनि सञ्चारका माध्यमहरुमा पनि केहि कुराहरु सून्न पायौं । हामिले कसैको जिबन जलाएका छैनौं कसैका घर जलाएका छैनौं र यो सुदुरपस्चिमका जनताको मन जलाउने बजेट आएको हुनाले प्रतिपक्षका चौध्चे जना सांसदले निर्क्यौल गऱ्यौं । यो बजेट सुदूरपश्चिम बासिको मन जलाउने बजेट भएको हुँदा हामिले यो रातो किताबलाई होईन । यो सुदूरपस्चिम बासिको मन जलाउने blank book को रुपमा संज्ञा दिएर जलाएका हौं सभामुख महोदय, र यो यो देशमा यो संसारमा यस्ता इतिहास छैनन् भन्ने अभिव्यक्तिहरु आएका छन महोदय यो मुलुकमा जुन संविधान मार्फत आज प्रदेश सभामा उपस्थित छौं । प्रदेश सभाका माननीय र प्रदेश सरकार

उपस्थित छ, व्यवस्थित छ यो संविधान आउँदै गर्दाखेरि पनि संविधान जलाइएको थियो सभामुख महोदय,कारण मान्छेको मन जलाउने गरि आएको यो बजेटको रातो किताबलाई blank book को संजा दिएर जलाउनु कुनै अनुपयुक्त चै हुँदैन भन्ने म निवेदन गर्न चाहान्छु । सभामुख महोदय, एउटा कर्मचारिलाई हामिले रङ्गे हात समायौँ प्रतिपक्ष र यत्रतत्र सर्वत्र भ्रष्टाचारको कुरा उठाईराखेको छ ०७५/०७६ को बजेटमा कहाँ भएको छ यो गरिमामय सदनका अगाडि सप्रमाण किन भन्दैन भनेर आवाज पनि उठ्यो  महोदय बजेट माथिको छलफल आफ्ना धारणा राख्नु अगाडि म केहि कुरा यो गरिमामय सदनलाई ०७५/०७६ को बजेटमा यो प्रदेश भित्र कसरि भ्रष्टाचार भईरहेको भनेर केहि दृष्टान्त म यो गरिमामय सदनमा  महोदय मार्फत निवेदन गर्न चाहान्छु । डडेलधुरा जिल्ला आलिताल गा.पा.रङ्गुनखोला तटबन्धन बडा नं.५ ५० लाख उपभोक्ता समितिको अध्यक्ष ज्ञानेन्द्र जोशी त्यहि वडामा खेलमैदान निर्माणको लागी २० लाख रुपयाँ लगेको छ त्यसको अध्यक्ष पनि ज्ञानेन्द्र जोशी काम त्यहाँ जति रकम मैले ईङ्गेज गरे त्यसको आधा पनि काम भएको छैन । यस्तै गरिकन बालकल्याण नि.मा.वि भवन निर्माण वडा नं.५ आलितालमै १६ लाख रुपयाँ त्यसको अध्यक्ष प्रकाश बोहरा जो जननिर्वाचित त्यस वडाको वडा अध्यक्ष हुनुहुन्छ त्यसको पनि आधापनि काम भएको छैन त्यसका यसका नियम, ऐन, प्रविधि,पद्धतिका कुरा त एका ठाउँ छन जन निर्वाचित जनप्रतिनिधिले उपभोक्ता समितिको अध्यक्ष हुन पाईन्छ कि पाईदैन एउटै गाउँमा तिनओटा शिर्षकमा एउटै व्यक्ति उपभोक्ता समितिको अध्यक्ष हुन पाउँछ कि पाउँदैन  यि पनि विचारणिय कुरा छन मैले यति मात्रै भने आलितालको  यो अहिलेको सरकारका भौतिक योजना मन्त्रीको निर्वाचन क्षेत्र हो । यसैगरिकन पर्शुराम नगरपालिकामा सातनी घुम्तिडाँडा गैरिखान चुनेगाडी सडक वडा नं.७ मा भएको छ त्यसको लागी ६० लाख रुपयाँ गएको छ त्यसको आधा पनि काम भएको छैन । र अहिलेकै यो सरकारका भौतिक योजना मन्त्रीज्युको पर्शुराम नगरपालिकाको कटालमा वहाँकै घर अगाडी ट्युबवेलको खानेपानीको नाउँमा ५० लाख रुपयाँ लगेको छ जुन काम २० लाखमा रुपयाँमा सम्पन्न हुँदछ । वहाँकै घर अगाडी वहाँ आफै उपभोक्ता हुनेगरि यसैगरिकन नवदुर्गा गाउँपालिका वडा नंबर २ क्यान्टिन सिंचाई योजनाको नाउँमा ५० लाख रुपयाँ विनियोजित गरेको छ जसको उपभोक्ता पनि उपभोगकर्ता पनि एउटै परिवार जस्तो छ उनको नाम हो नरेन्द्र बहादुर शाहि उनको बाहेक अरु कसैको पनि जग्गा छैन । योजना ८ वर्ष अगाडी जि.टि.ज्यडको पैशा लगेरपनि सम्पन्न गरेको थियो त्यो योजनाको उपभोक्ता समितिमा राख्नको लागी ति नरेन्द्र

बहादुर शाहि त्यो जग्गा धनिका मुल मालिक हुन उनले उपभोक्ता समितिको सदस्यमा बस्नको लागी डेढ लाख रुपयाँ दिन्छु भनेर सबैतिर चासो को विषय भयो र यो सरकारका मन्त्रिज्यु आफै पनि हेरेर आउनु भयो र हामिले पनि खपरदारि गरेपछि अब त्यलाई भुक्तानी कुन ढङ्गले दिईराछ हेरिराछौं हामिहरुले त्यसैगरिकन गन्यावधुरा गाउँपालिका मठ सिंचाई योजना सकाईलमा ५० लाख रुपयाँ दिएको छ ५ लाख रुपयाँको पनि काम नगरेर भुक्तानी दिईरहेछ। र अर्को यसमा धेरै उदाहरणहरु छन् र मेरै गाउँमा बेतबाँस सम्बन्धी सिप मूलक तालिम भनेर १५ लाख रुपयाँ उपलब्ध गराएको छ जो न स्थानिय सरकारलाई थाहा छ न म त्यहाँको उपभाक्ता पनि हो न मलाई थाहा छ। र त्यो ३ महिनाको तालिम चाहिँ १५ दिन नपुग्दै त्यो सम्पन्न गरिएको छ। त्यस्तै गरि बैतडी सिगास गाउँपालिका ५ खैरकोटमा गुने खानेपानि योजनामा ४० लाख रुपयाँ छुट्याएको हो हामिलाइ सुन्नमा आएको त त्यसको मूल मैले अघि यहाँ सदनमा दावा गरेका कुराहरु यि स प्रमाण छन छ घण्टा लागेर पनि भन्न सक्ने योजनाहरु मेरै जिल्लामा मात्र छन डडेलधुरामा मात्रै र हामिलाई सून्नमा आएको छ सिगास गाउँपालिका वडा नंबर ५ गुने खानेपानि योजनामा ४० लाख विनियोनित गरिएको छ जसको मुल नै छैन मुलनै नभएको खानेपानि योजनामा विनियोजित गऱ्यो त्यसैगरि सिगास गाउँपालिकाकै ९ नंबर वडामा पाटाखोला झोलुङ्गे पुलमा सूख्खाखोला बर्खा याममा पनि एक थोपा पानि नहुने खोलामा १ करोड रुपयाँ झोलुङ्गे पूलको लागी विनियोजन गरेर ४७ लाख रुपयाँमा उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने प्रयत्न गरिराखेका दृष्टान्त यहाँहरुका अगाडि निवेदन गरे। यसै गरिकन यो भन्दा पहिले हामिले प्रदेश स्तरिय मुख्यमन्त्री खेलकुद कप भयो यसै गरिकन अक्सिजन प्लान्टको नाउमा ५० लाख रुपयाँ भएको सिधै घोटाला भएको छ। अख्तियारमा अहिले पनि केश छ त्यो कार्यान्वयनको दिशामा गईराखेको छ। १४६ लाख रुपयाँलाई टेन्डर नदिएर १९६ लाखलाई टेन्डर दिईएको छ भने दवाई बेचबिखन प्रकरणमा यो बर्षमा प्रसस्त भ्रष्टाचारका गन्धहरु छन। त्यसैकारण हामिले उठाउँदै आयौं हिजोदेखि सदनबाट सर्ब शक्तिशाली संसदिय समिति गठन गरेर छानविनको प्रक्रियामा यस्ता भ्रष्टाचारका प्रकरणमा अगाडी बढौं भनेर त्यहि कारणले उठाएका हौं महोदय। र यति भन्दैगर्दा खेरि यसै गन्धको विचमा बजेट आयो यो बजेटको सानो डाईभ्रिकेश गरेर हेर्दा खेरि यो बजेट कसरि आएको छ यो गन्धको विचमा यो बजेटमा १ हजार देखि ९९ हजार सम्मका ९ ओटै जिल्लाका २९० ओटा योजना छन जसको रकम १ करोड ४५ लाख २८ हजार छ १ हजार देखि ४९ हजार सम्मका यसै गरिकन व्यक्तिका

नाममा ११ ओटा योजना छन जसको रकम २ करोड ७८ लाख २७ हजार छ  महोदय एउटाको फलानाको घरबाट फलानाको घरसम्म जाने, सम्पूर्ण माननीयज्युले पढिसक्नुभाको हुनाले म स्मरणमात्र गराउन चाहान्छु । त्यसैगरिकन सुदूरपस्चिम प्रदेश भरिमा अध्ययन, अनुसन्धान र अनुदानका नाउँमा तालिमका नाउँमा ४३ ओटा योजना छन जसलाई १७ करोड ९८ लाख ५ हजार विनियाजित गरिएको छ । त्यसैकारण अध्ययन, अनुसन्धान र अनुदानका नाउँमा झन्डै झन्डै २ अर्ब ३३ करोड २६ लाख ३३ हजार २०० रुपयाँ विनियोजित गरिएको छ  महोदय र यो तालिमका नाउँमा अध्ययनका नाउँमा अनुसन्धानका नाउँमा अनुदानका नाउँमा झन्डै झन्डै २५० करोड रुपयाँ त्यो रातो किताब भित्र छुट्याएको छ  महोदय र त्यो २५० करोड रुपयाँको उपलबधि हामिले अनुमान गर्दा हामिले विष्लेषण गर्दा कुनै पनि उपलब्धि सुदूरपस्चिमका जनताले पाउने कहिनेर आश्वाशन पाईएको छ  महोदय यसैगरिकन अर्थ विविध र विशिष्ट परिस्थितिका नाउँमा  डल्लो बजेटमा झन्डै झन्डै ७५० करोड रुपयाँ छुट्याईएको छ  महोदय त्यो कारण यो अहिलेको यत्र तत्र सर्वत्र भ्रष्टाचारको गन्ध आइराखेको सुदूरपस्चिमाञ्चलमा ०७५/०७६ को सम्पन्न भइराखेको बजेटमा यो डल्लोको यो जुन बजेट आयो त्यो कारणले हामिले रातो किताब जलाएका हौं  महोदय यतिमात्र होइन यो सरकारका अर्थमन्त्रीज्यू हुनुहुन्छ यो गरिमामय सभामा म प्रश्न गर्न चाहान्छु  प्रदेशको लागि क्रमागत रुपमा ५० लाख रुपयाँ छुट्याएको छ । संगै यो भन्दा अगाडी नै  अगाडिको बायाँ पानामा प्रदेशमा लगानी प्रर्वधनको  लागी लगानी सम्मेलन गर्नको लागी २ करोड रुपयाँ छुट्याइएको छ म प्रश्न गर्न चाहान्छु लगानी  सम्मेलन राष्ट्रिय तथा अन्तरराष्ट्रिय लगानीकर्ताहरुले आउँदै गर्दाखेरि कुनैपनि गाउँमा कुनैपनि सहरमा कुनैपनि प्रदेशमा कुनै पनि देशमा त्यसको प्रोफाइल तयार भएको हुनुपर्दछ तबमात्र आउँछ प्रोफाईल भनेको केहो मान्छे गन्ने हो त्यहाँको जनसङ्ख्या गन्ने हो कति गरिब छन कति धनि कति पुरुष कति महिला  छन भनेर मात्र गन्ने हो त्यो प्रोफाइलले लगानिकर्ताको  सम्पुर्ण आकर्षण बन्ने ढङ्गको त्यो प्रोफाइल तयार भएको हुनुपर्दछ । तपाईहरु ३ वर्ष भइसक्यो एउटा यो प्रदेशको प्रोफाइल तयार गर्न सकेको छैन यो सरकारले अझ दावा के गर्दैछन यो प्रदेशको उत्कृष्ट बजेट हो, कस्तो उत्कृष्ट बजेट हो ।  महोदय यो देशको सबैभन्दा पहिलो घोषित बजेट जंगबहादुर राणाको पालामा बि.सं. १९०६ मा आएको छ । म यो सरकारलाई गम्भीर ध्यानाकर्षण गराउन चाहान्छु निसन्देह सरकारका अर्थमन्त्रिज्यु यो सरकार सञ्चालकहरु निसन्देह म भन्दा अध्ययनशील हुनुहुन्छ होला म भन्दा असाध्यै यो मुलुकको अर्थ राजनीति र विश्व राजनीति

बुझ्केका हुनुहुन्छ होला तपाइको म सम्मान गर्न चाहान्छु तर स्मरण गराउन चाहान्छु हामिले जलाएको रातो किताबलाई तपाईहरुले विध्वंसताको संज्ञा दिनुभयो यो गलत आचरणको संज्ञा दिनुभयो । तपाईंहरुले जंगबहादुर राणाले बि.सं १९०६ मा बजेट ल्याउँदै गर्दाखेरि पुर्ब मेचिदेखि पस्चिम डोटिसम्म चौडा बाटो सडक बनाउन र बाटोको दायाँबायाँ रुख लगाउनको लागी रु ३ लाख रुपयाँ घोषणा गरेको छु भनेर भन्नु भएको छ आफ्नो मुखले त्यसैगरि बाग्मती बाढी नियन्त्रणको लागी रु.१० हजार छुट्याएको घोषणा गरेको छु भन्नु भएको छ ।त्यस्तै बारुद कारखाना लगायतका बिकाश निर्माण र जन सरोकारको लागी यति बजेट छुट्याएको छु भनेर शिर्षक छुट्याएको छ भने हामि श्री ३ जंगबहादूर राणाका भाई भारदार लाई पोस्नको लागी होईन हामिले यो शासन सत्ताको सञ्चालन गर्दाखेरि आवश्यक पर्ने रकम भनेर रकम खुलाएर छुट्याएको छ भने तपाईहरुको त अहिलेको यो संगपनि मेल खाएको छैन यो बजेट । त्यसैगरिकन यो मुलुकको सबैभन्दा पहिलो औपचारिक बजेट २००८ सालमा मात्रिकाप्रसाद कोइराला प्रधानमन्त्रि हुँदै गर्दाखेरि मेरो पार्टी नेपाली कांग्रेसका संस्थापक नेता सात सालको परिवर्तन पश्चातको पहिलो नेपालका अर्थमन्त्रि सुवर्ण समशेरले ल्याएको बजेट मस्मरण गराउन चाहान्छु महोदय, २००८ सालमा वहाँले ल्याएको बजेट ३ करोड ६१ लाख ९ हजार राजश्व उठ्ने अनुमान गरी ५ करोड २५ लाख २९ हजारको बजेट ल्याउदै गर्दाखेरि पनि यसमा प्रष्टसंग लेखिएको छ महोदय कृषिमा कति खर्च गरिने छ हरेक मान्छेका जिवनसंग सम्बन्धित हरेक दैनिकिसंग सम्बन्धित त्यो बर्षमा मान्छेहरुलाई त्यो बजेटले छुँदै गर्दाखेरि उसको प्रगतिसंग छुने गरि पुग्ने शिर्षकमा र हाम्रो तत्कालिन अवस्थाको काठमाडौं र तत्कालिन अवस्थाको शाषकहरुका निर्माण तत्कालिन अवस्थाका शहरहरुको विकाशको लागी प्रष्ट रुपमा छुट्याएको छ त्यतिमात्र छुट्याएको छैन महोदय अन्तमा तत्कालिन अवस्थामा रहेका जिल्ला प्रशासन मार्फत तत् तत् जिल्लाको लागी भनेर पनि बजेट छुट्याएको छ ।त्यो बजेटसंग पनि मेल खादैन यो अहिलेको बजेट महोदय ।यो बजेट मैले अघिपनि निवेदन गरे यो बजेट सिधै ०७५/०७६ भ्रष्टाचार र लूटतन्त्रको रुपमा गन्हाएको छ त्यसको जगमा बसेर यो बजेट आएको हुनाले हामिले यो रातो किताब जलाएका हौं महोदय, र हाम्रो मुद्धामा हामीले १४ जनाले यो जलायौं २५ जना सत्तापक्षका

माननीय सभासदज्यू हरुले यो बजेट प्रतिको लिखित असहमति जनाए कारण हामि गर्ब गरेर भन्छौ हमिले उठाएको एजेन्डा हमीले गरेको यो बजेट प्रतिको पुर्ण असहमति यो बजेट सुदूरपश्चिम बासिको हितमा छैन त्यो कारण यो संसद अवरुद्ध गरेका हौं महोदय,यति भन्दैगर्दाखेरि महोदय निरन्तर सरकारसंग हामि वार्तामा बस्यौं सरकारले आश्वस्त तुल्याएको छ र सरकारले स्विकार गरेको छ सरकारका अर्थमन्त्रि र हाम्रो प्रदेश सरकारका मुख्यमन्त्रिज्युले सदनमा बोल्दै आफ्ना अभिव्यक्तिमा यि कुराहरु स्विकार गरेको छ महोदय वहाँहरुले गर्ब गर्नुभो अरु प्रदेशमा त १० गते, १४ गते रातो बुक दिएको थियो हामिले त ५ गते दिन सक्यौं त्यो कारणले गर्ब गर्छु भन्नु भो सरकारले दावा गर्‍यो अरु ठाउँभन्दा हामि बढि खर्च गर्न सकेका छौं गर्ब गर्‍यो यो सरकारले त्यसैगरिकन अर्को के कुरा भनेको छ भने बजेट लोकप्रिय ल्याइदैन बजेट चाहिँ यथार्थ फरक ल्याइन्छ यो बजेट न लोकप्रिय  न यथार्थ फरक छ  महोदय यसैगरिकन सामान्य प्राविधिक छन भनेर हाम्रो सरकारका अर्थमन्त्रि हाम्रो सरकारको मुख्यमन्त्रि लगातले यो गरिमामय सदन समक्ष स्वीकार गर्नु भएको छ । कारण सामान्य त्रुटि भित्रका गहन त्रुटिहरु जनता प्रदेश सभा र प्रतिपक्षलाई ढाँट्ने छैनौं भनेर सम्बोदन गर्नुभयो  महोदय वहाँहरु ढाटि राख्नु भएको छ तरपनि हामि बिधि, विधान, पद्धति लोकतन्त्र प्रति बहुबाद र प्रतिस्प्रदात्मक राजनीतिक व्यवस्थामा विश्वास राख्ने राजनीति पार्टिका कार्यकर्ता भएको नाताले सरकारको प्रमुखले नै यि कुराहरु हामि अब गर्ने छैनौं भनिसकेपछि हामिले त्यसमा विश्वास गर्दै खल्तीबाट आएका योजनाहरु लगायत हरेक बिधि, बिधान,प्रक्रिया  पुगाएर नआएका योजनाहरुलाई आगाडी बढाउने छैनौं भनेर प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।त्यसै गरिकन अन्तमा म के भन्न चाहान्छु भने यो २५ भाई र २४ भाईको जुन गणितिय खेल छ सरकार अलिकत नैतिकवान भयो भने २५र२४ जोड्दाखेरि ३९ हुन्छ जनाको सङ्ख्या र तागतबाट बनेको यो बजेटमुखि रातो किताब आउँदै गर्दाखेरि १४ जना प्रतिपक्ष र २५ जना सत्ता पक्षीय संसदहरुको ३९ जना को यो किताब प्रतिको विरोध हुँदै गर्दाखेरि यो सरकार त त्यसै पनि आफुले नैतिकताको आधारमा पछि हट्नुपर्ने बाध्यता हुँदाहुँदै पनि के दावा गर्दै छ भने हामि समेटेर लैजान्छौ,संगठन गरेर लैजान्छौं,सिङ्गो सदनलाई विश्वास गरेर लैजान्छौं भन्ने जुन

अभिव्यक्तिहहरु आईराखेका छन त्यसलाई हामिले अझै पर्ख्यौं अझ विश्वास गर्यौ र अन्तमा म के भन्न चाहान्छु भने एउटा गित मार्फत  महोदय,घरमेरै भकारि मेरै नखा भन्न्या को छ, के तिमि हेरेर बस नत्र आफै सोच धन्यबाद ।

**मा० मान बहादुर सुनार** :- माननीय  महोदय, अहिले सरकारले ल्याएको ०७६/०७७ को बजेट अत्यन्तै मेहनेत गरेर अत्यन्तै पारदर्सि ढङ्गले ल्याएको हुँदा यो बजेटको सर्मथन र स्वागत गर्दछु र यसका साथसाथै हामिहरु यो सदनभित्र भईराख्दा हामि सत्तापक्ष अथवा प्रतिपक्षबाट आएका हामि जतिपनि माननीयहरु छौं हामिहरु ५३ जना आएका हौं केका लागी आएका हौं भनेपछि हामि यो समग्र सुदूरपश्चिम प्रदेशको विकास र सुदूरपश्चिम प्रदेशलाई अगाडी बढाउन र जनताको इक्षा आकांक्षाहरुको पुर्ति गर्नका लागी सम्पूर्ण जनताले यो सुदूरपश्चिम प्रदेशले यहाँ आएका माननीय सांसदहरुलाई त्यहाँ गएर तपाईहरुले नियम कानुन बनाएर योजना बनाएर समग्र यो प्रदेशको विकास गर्नुपर्छ भनेर पठाएको हो र यहाँ कोहि हामि रा.ज.पा बाट आएका हौंला,कोहि कांगेस बाट आएका हौंला, कोहि ने.क.पा बाट आएका हौंला जहाँबाट आएपनि सबैको एउटै उद्येश्य हो यो प्रदेशको विकास गर्नु हामि चुनाव लडेर आएका हौं  कोहि हामि रा.ज.पा बाट आएका हौंला,कोहि कांगेस बाट आएका हौंला, कोहि ने.क.पा बाट आएका हौंला र हामि यो भित्र पसिसकेपछि सम्पूर्णको एउटै धारणा के हुन्छ भनेपछि हामिले यो प्रदेश नमुनाको प्रदेश बनोस र यो प्रदेश सबभन्दा बिकसित प्रदेश बनोस भनेर आएका हौं ।  भोलि चुनाव लड्दाखेरि हामि कोहि कांग्रेसबाट लडौंला कोहि राजपाबाट लडौंला कोहि नेकपाबाट लडौंला तर यहाँ आईसकेपछि एक ढिक्का भएर,एक साथमा भएर हामि काम गर्‍यौं र आगाडी बढ्यौं भनेपछि मलाई लाग्छ हामि निश्चित रुपलदे अगाडी बढ्न सक्छौं र यसका साथसाथै हाम्रो यो राणाकालको बजेट होईन  हाम्रो यो पञ्चायतकालको बजेट होईन यो बजे भनेको गणतन्त्रात्मक र जनताले चाहेको सम्बृद्ध नेपाल र सुखि नेपालीको लागी भनेर ल्याएको बजेट हुनाले यसलाई कहिँ कतै  केहि कमि कमजामेरि त्रुटि भए तापनि हामि सम्पूर्ण ले यो त्रुटिहरुलाई सच्याएर अगाडी बढ्यौं भनेपछि यस क्षेत्रको समग्र कुरालाई अगाडी मद्धत पुर्‍याउँछ र त्यसका सासाथै यहाँ थुर्पै कुराहरु अहिले प्रतिपक्षका मित्रले भन्नुभयो हामिहरुले यो कारणले जलाएका हौं र हाम्रो विरोध थियो भनेर भन्नुभयो १४ जना र २५ जनाको पनि कुरा आयो यहाँ २५ जनाभध्ये १४ जनाहरुलाई त्यसमा केहि कमि कमजोरिहरु लागेर नै त्यो किताब जलाउनु भएको होला त्यसमा

मलाई के लाग्छ भनेपछि यो २५ जुन हमिले सिग्नेचर गरेका थियौं त्यसमा मेरो पनि छ र एउटा के कुराम म स्पष्ट पार्न चाहान्छु भनेपछि यहाँ हामिले यो सरकार ढलाउनका लागी या सरकारलाई कुनैपनि अप्ठ्यारो पार्नका लागी  सिग्नेचर गरेका होईनौं त्यो सिग्नेचर भनेको चाहिँ तपाईको यो बजेटमा केहि असन्तुलन भएका कारणले सन्तुलन बनाउनुपर्छ भन्ने किसिमको एउटा सुझाव दिनका लागी मात्रै भएका कारणले यसमा कुनै पनि प्रकारको हामि सत्तापक्ष प्रतिपक्ष भएर हामि यो सरकारलाई कमजोर पार्नका लागी कुनै पनि होईन म यो स्पष्ट पार्छु यसका साथसाथै यहाँ थुप्रै कुराहरु आए कहिले कहिले के हुँदो रहेछ भनेपछि म हजुर हरुलाई एउटा कुरा भन्छु यो गोपिनिहरुले चाहिँ कृष्ण भगवानलाई भोजन गरानुपर्‍यो भन्ने कुरा आएछ त्यसपछि गोपिनिहरुले ५६ प्रकारको भोजन बनाएर लौ प्रभु यो भोजन गर्नुपर्‍यो भन्दाखेरि हैन म अहिले भोजन गर्दिन मेरो गुरु पहिला भोजन गराउनुस  म पछि गर्छु भन्दाखेरि गुरु कहाँ छन त भन्दाखेरि यमुना पारि भोजन लिएर यमुनामा जाँदाखेरि त यत्रो नदि हामि कसरि जाने भने  अनि कृष्ण भगवानले के भन्नु भएछ भनेपछि हामिलाई चाहिँ बाटो दिनुस भनेपछि फुलको बाटो बनेछ रे गोपिनिहरु पारि गए र त्यहाँ दुर्वषा ऋषि हुनु हुन्थ्यो वहाँ दुबो मात्रै खाने दुबो बाहेक  अरु केहि पनि नखाने अनि ति गोपिनिहरुले दुर्वषा ऋषिलाई भने हजर हामिले भोजन ल्याएका छौं यो भोजन गर्दिनुपर्‍यो भनेर भनेपछि दुर्वषा ऋषिले सषर्त जतिपनि भोजन ल्याएको थियो त्यो सबै खाईदिनु भयो अनि फेरि गोपिनिहरुले फर्किने बेलामा हामि कसरि जाने भन्दाखेरि ल जानुस तपाईहरु त्यहाँ बाटो खुल्छ भनेपछि  फुलको पुल बन्यो रे मैले भन्न खोजेको के भनेपछि कहिले कहिले देखेपनि नदेखेजस्तो हुन सक्छ गर्न खोजेको पनि नगर्न खोजेको हुनसक्छ त्यसकारण मलाई लाग्छ यो सरकारले ल्याएको बजेटमा केहि कमजोरि भए तापनि अब चाहिँ मलाई के लाग्छ भनेपछि यो बजेट चाहिँ एकदम राम्रोसंग सबैको मनछुने ५३ जना माननीय संदस्यहरुको मनछुने र सम्पूर्ण प्रदेशको विकाशहुने किसिमको बजेट आउने छ अस्ती हाम्रो मुख्यमन्त्रिज्युले पनि भनिसक्नु भएको छ अर्थमन्त्रिले पनि भनिसक्नु भएको छ त्यहि अनुसारले वहाँहरुले त्यसलाई राम्रोसंग सच्याएर कनै कमिकमजोरि भए तापनि मानिसबाटै हुने हो त्यसलाई सच्याइन्छ भन्ने चाहिँ मैले विश्वास दिलाउन चाहान्छु । त्यसका साथसाथै

केहि मेरो क्षेत्रका कुराहरु म राख्न चाहान्छु । महोदय,यो दोधरा चाँदनि ब्रह्देब महाकाली करिडोर हूँदै मानसरोर सम्म जाने जुन बाटो छ त्यो बाटो बनायौ भनेपछि हाम्रो यतातिर उत्तराखण्ड, उतातिर उत्तर प्रदेश उता मानसरोबर त्रि प्रदेशिय नाका हुने भएका कारणले त्यसलाई पनि बनाउन जरुरि छ हामिले प्रदेशबाट बनाउने कुरा त छदै छ संघिय सरकारलाई पनि भनेर त्यो बाटो बनाउन जरुरि छ , त्यस्तैगरि खुटिया दिपायल र सेति परियोजनालाई पनि प्रदेश हुँदै हामी केन्द्र्लाई पनि आग्रह गरेर त्यो पनि बनाउन जरुरि छ त्यसका साथसाथै दोधरा चाँदनिमा सुख्खा बन्दरगाहको कुरा छ दोधरा चाँदनिमा सुख्खा बन्दरगाह बन्यो भनेपछि त्यहाँमैले पहिला पनि भनेकमो थिए त्यहाँ भारतको दिल्ली चाहिँ सबभन्दा नजिक भएका कारणले त्यसलाई पनि बनाउन जरुरि छ त्यसका साथसाथै चेकपोष्ट पनि बनाउन जरुरि छ । मजगाउँ विमानस्थल र टिकापूर विमानस्थल ति पहिला चालु भएका विमानस्थल हरुलाई पनि हामिले यो सम्मानित सदनबाट केन्द्रसंग भनेर त्यो काम पनि गर्न जरुरि छ त्यसका साथसाथै बुद्धको एउटा मुर्ति हामिले त्यो हाम्रो सुख्खा बन्दरगाह र चेक पोष्ट बन्ने ठाउँमा बुद्धको मुर्ति राख्यौं भनेपछि सबै आउने धर्माबलम्बी हरुले यो बुद्धको देस हो भन्ने धारणा हुन्छ र त्यसका लागी अहिल्यै केहि बजेट विनियोजन गरियोस भन्न चाहान्छु । जग्गाका विषयमा चाहिँ अव्यवस्थित जग्गा र सुकुम्बासिको समस्या छ त्यसलाई पनि व्यवस्थित बनाउनका लागी २५ प्रतिशत को कुरा आएको थियो २छ प्रतिशत नभईकन ७ प्रतिशत अथवा ५ प्रतिशत सम्म लगाएर चाहिँ त्यो अव्यवस्थित जग्गालाई व्यवस्थित गर्नुपर्छ भन्ने भनाई राख्दै समय पनि कम भएका कारणले यति भन्दै यो बजेटको पूर्ण सर्मथन गर्दै बिदा हुन्छु धन्यबाद ।

**मा० हर्क कहादुर कुँवर** :- माननीय महोदय, अछाम जिल्लाको चौरपाटि गा.पा.वाड नं.३ जय बहादुर साउँदका १६ बर्षिय छोरा ले एस.एल.सि दिईरहेको अवस्थामा दिईसकेको तर उसको घर परिवारका २ वटा छोरी र १ ओटा छोरा रमेस साउँद लगायत ३ जनाको ट्याक्टरबाट दुर्घटना भई निधन भएको छ वहाँहरुप्रति म श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना गर्छु र तिनैजना बिद्यार्थिलाई केहि राहतको व्यवस्था होस भनेर सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । महोदय, मलाई असाध्यै एउटा कुरा भन्न मन

लाग्यो,सुतिरौं चुने आटि, गफ गरु परिवार लाटि, बडा समस्याबाट अहिलेको यो अवस्था गुजरिरहेको छ । हामिले नीति तथा कार्यक्रमका टाईममा समाजबादलाई उन्मूख गरेर अगाडी बढाएको हामि भेटाउँछौं ।हामिले बिगतका कुरालाई पनि कोट्याउनैपर्छ हामि बिगतका कुराहरुलाई  कोट्याएर अगाडी बढिरहेका छौं कि छैनौं हामि अहिले यहाँ छौं हामि कहाँ जान खोजिरहेका छौं हामिहरुले कता लगिदैछ यो प्रदेशलाई यो गमभीर चुनौति छ समस्या पनि छ र अवसर पनि त्यत्तिकै छ ।अब हामि के निश्कर्ष निकाल्छौं यो गरिमामय सदनबाट मलाई लाग्छ हामि समाजबाद उन्मुख हौं  अलि मैले नबुझ्केको होकी यो समाजबाद मेरो पढाउने गुरुले मलाई उल्टा त पढाएन कि समाजबाद जनताका लागी समाजिक किसिमले सबैलाई पहुँच हुने किसिमको, सबैलाई अधिकार सम्पन्न हुने किसिमको, सबैको सुरक्षा हुने किसिमको, जहाँ दूर दराजका जनताले अवसर नपाएको अवस्थामा उनिहरुलाई अवसर प्रदान गर्ने अवस्था गरिब, निमुखा, दलित,महिला दिदि बहिनिहरुका लागी समाजबादको व्याख्या गरेको हामिले भेटाएका थियौं ।तर  समाजबादका केहि मान्छेहरुले समाजबादलाई अर्कै किसिमले हेरिरहेको भेटाएँ । समाजबालका पछाडी पुच्छर झ्झुन्ड्याएर अगाडी बढिरहेको अवस्था देखिन्छ । अवसर कता पाईन्छ त्यता पुच्छर झ्झुन्ड्याउने अनि मानिसलाई स्वईच्छाचारि लाद्ने यो समाजबादको व्याख्याले अहिले यस्तो अवस्था कतै निम्त्याउन खोजेको त होइन । कहिले प्रदेशलाई बदनाम गर्ने किसिमको चेष्टाबाट अगाडी बढिरहेको त छैन,हामिले गम्भीर हुनुपर्छ यतिवेला आज तेस्रो दिन सदन अगाडी बढिरहेको छ  २१ दिन अवरुद्ध भयो धेरै माननीयज्यु हरुले आफ्ना भनाईहरु यहाँ प्रस्तुत गर्नुभयो  र हाम्रो कमि कमजोरि कहाँ हो के कारणले भयो हामि त्यो गल्तिलाई सच्याउन सक्छौं कि सक्दैनौ लोकतन्त्रमा,प्रजातन्त्रमा अधिकार हुन्छ कि हुँदैन लोकतन्त्रमा,प्रजातन्त्रमा बोल्ने अधिकार हुन्छ लेख्नेपनि अधिकार छ, तर लेख्ने पनि ठिक समयले ठिक तरिकाले लेख्न सक्नुपर्छ । अनि लोकतन्त्रमा माग्ने अधिकार पनि हुन्छ अभिभावकसंग माग्ने अधिकार हुन्छ । चित्त बुझ्केन भने भन्न पनि पाईन्छ लोकतन्त्रमा त्यसैले हामि आज लोकतन्त्रको कुरा गरिरहेका छौं लोकतन्त्रका लागी हजारैं मान्छेले कुर्वानी दिएर रगत बगाएर बन्दुकको नालबाट आज हामि यो अवस्थामा खडा भएका छौं

हामिहरु,कसैको दया मायाले कसै हिजो पञ्चायत ढाल्दा राणा ढाल्दा अथवा उनको विरुद्धमा लाग्दा कस्ता कठिनाइ भोगेको थियो नेपाली जनताले यो प्रदेशका जनताले आज यो प्रदेशलाई हेर्ने दृष्टिकोण १ नंवरमा राखे भईहाल्थ्यो त किन ७ नंवरमा राख्नुपऱ्यो अहिले पो हामिले नामाकरण गऱ्यौँ सुदुरपश्चिम प्रदेश भनेर त्यसैले हामि गम्भीर हुनुपर्छ । सवाल बजेटको मात्रै होइन कहिँ पर्न सक्छ कहिँ नपर्न सक्छ तर व्यवस्था ठिक छ कि छैन नीति ठिक छ कि छैन उसले ठिक बाटो लिएको छ कि छैन भन्ने सवालमा सबै गम्भीर हुनुपर्छ सबै माननीयले छलफल गर्नुपर्छ । हामिले प्रतिपक्षका कुरा पनि सुन्यौँ यहाँ कुनै देशसंग राज्यसंग संजुदा गरेजस्तो  अभिव्यक्ती पनि मान्छेले दिइरहेको अवस्था पनि भेट्यौँ हामिले त्यस्तो होइन माग माग्दा सहमतिको आधारमा अगाडी बढ्नु तर कुनै उदार चडाप हुँदा त्यसलाई वार्ता माध्यमबाट निष्कर्स निकाल्नुपर्छ हाम्रो देशमा चाहे त्यो संविधान सभाका कुरा होउन चाहे सम्झौताका कुरा होउन चाहे हिजोको अवस्थादेखि अहिलेको अवस्थामा सहमतिले नै अगाडी बढेको देखिन्छ चाहे त्यो विपक्ष होस चाहे सत्ता पक्ष । अब माननीयज्युहरुले राख्नुभयो हामि सरकारमा भए धेरै राम्रो हुन्थ्यो यहाँ केहिपनि गर्न सकेन भन्ने खालका पनि अभिव्यक्ति छन् तर म भन्न चाहान्छु हामि नयाँ संरचनामा छौँ ।हामिले कोरेको कार्ने बलामा अवरोध कहाँनेर भयो त्यसलाई पन्छ्याउन सक्यौँ कि सकेनौँ त्यसलाई हामिले व्यवस्थित ढङ्गले लिन सक्यौँ कि सकेनौँ निगत हिसाबले हामिले कार्यान्वयनको बाटो बलियो बनाउन सक्यौँ कि सकेनौँ सवाल यहाँनेर हो । हिजो कोहि मान्छे सत्तामा हुँदा १० हजारका पनि स्वावलम्बन कार्याक्रम हामिले देखेका हौँ जहाँ आफ्नो कार्यकर्ता थिए उसका घर नजिक पनि १० हजार रुपयाँ लाखका कुरा होइन १० हजारका कुरा उठेका थिए त्यतिवेला तर त्यो नीतिले पनि काम गरेन गर्नुपनि हुँदैन । अहिले पनि हामि सरकारमा रहँदा हामि यहाँ २४ जना र १४ जनाका कुरा मात्रै छैन हामि ५३ जना छौँ हामि ५३ जनाको एउटै जहाज छ त्यो जहाज डुब्यो भने सबै डुब्छ कोहिपनि बच्ने वाला छैन यहाँ चाहे प्रतिपक्ष होस चाहे सत्तापक्ष होस । एउटै जहाजमा छौँ हामिले पसिना बगाउनुपर्छ हामिले सभासदले मात्रै पसिना बगाएर पुग्दैन  महोदय नेतृत्वगर्ने त्यसका अवतारहरु त्यो जहाज हाकेको छकि छैन भन्ने हिसाबले पनि समिक्षा गर्नु जरुरि छ । अनि त्यो जहाजमा

बस्ने मान्छेले कस्लाई कतै किलाकाँटा खोलिराखेको अवस्थामा त्यसलाई पनि चेक गर्नुपर्छ यो कुराहरुबाट माथि उठेर हामि जबसम्म अगाडी बढ्दैनौं तबसम्म लोकतन्त्र फस्टाउन सक्दैन । जसले जे जति कुरा गरेपनि लोकतन्त्रलाई बढाउनको लागी सबैको एकमत हुनुपर्छ यो प्रदेशका हामिले अलि पसिना बगाउनुपर्छ मैले बिगतमा पनि भन्ने गरेको थिए । अब हामि कुन तरिकाले अगाडी बढ्छौं अँझ गुनासा छन् केहि मानिसका लाग्दा सरकार गिराउन लाएको अवस्था पनि देखिन्छ  त्यसलाई सुधार गर्ने कि नगर्ने  यदि सुधारमुख छैन भनेपनि वहाँहरुले सुधार्नु जरुरि छ । यो एक जना दुई जनाको सवाल होइन आज भारतबाट आईरहेको बिषदियुक्त तरकारिको बिष हामि खाईरहेका छौं हामिले कृषि क्षेत्रमा कम बजेट छुट्याएका छौं त्यसलाई अभियानको रुपमा हामि ५३ जनाले एउटा जग्गा प्लटिङ गरेर कृषिको उत्पादन अभियान चलाउन सक्छौं कि सक्दैनौं हामि  मैले बिगतमा उठाएँ छाडा गाईगोरुको बिगबिगी छ त्यसलाई राज्यले व्यवस्थित गरेर त्यसबाट राज्यले ईन्कम लिन सक्छ कि सक्दैन ।हामि गौरवका योजनाहरुमा खाली बाटो मात्रै मानिरहेका छौं ।हाम्रो इन्पुट के हो हाम्रो आम्दानी के हो यहाँ ८० करोडका कुरा उठिरहेका छन हामिसंग थुर्पै छ जङ्गलबाट हामि कति लिने आम्दानी पानीबाट कति लिने आम्दानी उत्खननबाट हामि आम्दानी कति लिने हामिसंग थुर्पै गिट्टी, ढुङ्गा, बालुवाहरु छ त्यो बाट कति लिन सक्छौं त्सलाई प्रोड्युसन गर्न सक्छौं कि सक्दैनौं त्यो औद्योगिक क्षेत्रमा हामि लगानि गर्छौ कि गर्दैनौं सवाल यहाँनेर हो । व्यवस्थापन र नीतिले काम गऱ्यो भने आफै त्यो अगाडी बढ्न सक्छ ।अनि झिना मसिना कुरालाई तिनलाई पहाड बनाएर अतिरङ्गित कुरा उठाएर मात्रै पुग्दैन हामि गम्भीर भएर हामिले छातिमा हात राखेर २८ लाख देखि ३० लाख जनता योसुदूरपश्चिमेली जनतालाई स्वाभिमानी बनाउने हाम्रो चाहाना छ कि छैन कतै व्यक्तिका स्वार्थमा हामि डुबेका  छौं कि त्यो छलफल गर्न जरुरि छ । त्यसैले आज यो तेस्रो बजेट एउटा आंशिक दुईओटा परिपुर्ण भएको बजेटमाथि हामि छलफल गरिरहेका छौं । अब सधै झैं एउटा भेडाको मैले कथा सुनाउन खोजे बत्ति बलिरहेको छ भेडाको उखान जस्तो सबै विद्वान माननीयज्यु हुनु हुन्छ पहिला उसले बोलाउँदा खेरि नखाएको चिजलाई पनि खायो भनेर बोलाउँदा गाउँले जाँदा भैट्टीएन पछि खाँदाखेरि कोहिपनि गएन । सवाल यस्तो हो

महोदय,अलि गम्भीर हुनु जरुरि छ । सुर्धिनु जरुरि छ सुध्र्यो भने सबैको जहाज ल्यान्डिङ हुन्छ नभए दुर्घटना निश्चित हने अवस्था सिर्जना पनि हुनसक्छ । दुर्घटनाबाट हामि सफाई हुनसक्छौं त्यसै कारणले यो प्रदेशको द्धेह जनताप्रतिको उत्तरदायी हामि सबैले जिम्मेवारिका साथ अगाडी बढ्नुपर्छ भन्ने मेरो भनाई राख्दै म बिदा हुन्छु धन्यबाद ।

**मा० देवराज पाठक** :- माननीय महोदय, सर्बप्रथम त म हामि चाहे सांसद हौं चाहे मन्त्री हौ के सपथ लिएर आएका थियौ र जनतालाई हामिले के आश्वासन दिएका थियौं कि हामि तपाईहरुका आधाभूत आवश्यकता पुर्ति गर्नेछौं र नेपालको संविधान भित्र रहेर सबै नेपालीको हक हितमा हामि काम गर्ने छौं भनेर मन्त्रिहरुले सपथ लिएको थियो र त्यो अनुरुप काम नभएको दुई चोटि हाम्रो वार्ता भयो बार्तामा भएको कुरालाई मन्त्रिमण्डलले पालना गरेन । अझ फेरि टाईट भएन भने फेरि समानुपातिक र प्रत्यक्षमा के हामि प्रत्यक्ष निकायका पात्र हौं त अरु कुरामा समान अधिकार हुने आर्थि मामलामा हामि पछाडी पर्ने हामि त कसैको पक्ष र विपक्षमा बोलेका छैनौं र ५३ जनाको हक हितको लागी मन्त्रीमण्डल दुई चार जना मन्त्रिको लागी या दुईचारजना टाठाबाँठा सांसदको लागी मात्रै यो बजेट हो यो त सबैको लागी समान हिसाबले अहिले पनि हामिले वार्ता गरेका छौं दुई चोटिको वार्ता बिफल भयो उल्टा भयो झन् हमिमा झन फूट पैदा गर्ने काम भयो मन्त्रिमण्डलबाट र अन्तमा चाहीँ हामिले बाध्य भयौ रातो किताब हेर्छौं त्यसमा प्रतेक पानामा मिस्टेक छ जिल्ला फरक छ ,योजना फरक छ २० लाख १५ लाखका एकै ठाउँमा हालिएको छ त्रुटिपुर्ण बजेट मन्त्रिमण्डलको उपहास उठ्ने र सधै यिनिहरु इस्तै किसिमले हामिलाई झुटा आश्वासन दिएर धोकामा राख्छन भनेर यो मन्त्रिमण्डल हाम्रो पनि हो नेपाल सरकार हाम्रो पनि हो र यसको बदनामी नहोस भन्नका लागी यिनिहरुलाई हामि चेतावनी दिउँ भनेर मेरै वार्ता टोलिको अघुवाइमा हामिले सल्लाह गरेर यो विरोध गरेकाहौं ताकी यो किताब हामिले जलायौं भने आइन्दा यस्ता कुराहरु नहोउन भन्ने हाम्रो उद्येश्य थियो । म राजपाका माननीय द्वयलाई धन्यबाद दिन चाहान्छु जोकि हाम्रो अभियानमा सहयोग गर्नु भो र २५ जना सत्तापक्षका सांसदहरुलाई पनि धन्यबाद दिन चाहान्छु । चाहे वहाँको उद्येश्य केहि रहेको भएपनि हमिले वहाँबाट नैतिक समर्थन पाएका छौं । हामि प्रजातन्त्रबादिहरु हिंसामा विश्वास गर्दैनौं र हामि अहिंसामा विश्वास गर्छौं । यहिनेर म एउटा महात्मा गान्धीको उदाहरण दिन चाहान्छु

अंग्रेजले दास बनाएको  एउटा देश भारत एउटा लट्ठी खादिले देशमा प्रजातन्त्र ल्यायो यो बन्दुकको बलभन्दा हामि  नैतिकताको आधारमा हामि हिंडिराखेका छौँ । अहिले त रातो किताब मात्रै जलाईएको छ भविश्यमा यस्तै क्रियाकलाप हुन गयो भने पछि केहुन्छ हामि त्यो हिसाब गर्न सक्दैनौ त्यसैले यो यहाँहरुलाई हाम्रो चेतावनी पनि हो यो । अब म सम्बनधित योजनातिर जान्छु बिगतका वर्षहरुमा खप्तडको रिङरोड र त्यहाँ बजेट कति दिने ५ करोड यो कनिका छरेजस्तो होइन यो गोदावरिको नाका मलाई अस्ति एउटा सपना पनि भयो धेरै साधुहरुले मलाई के भन्यो भने बसमा बसाएर तपाईहरु यो गोदावरिका लागी किन केहि पनि गर्नुहन्न नैनिसारण्य र गोकर्णका साधुहरु त्यसमा बसेका थिए यो तिर्थस्थल पनि हो र एउटा पर्यटन क्षेत्रपनि भएको कारणले त्यहाँका कुराहरु पनि भन्यो र पञ्चायत कालमा त्यहाँ दारु भट्टी स्थापित नहुँदासम्म त्यहाँ बिहान बेलुकी दाईने दमाहा बजाएर त्यहाँ पुजाआजा हुन्थ्यो । जब गोदावरिमा दारु भट्टी खुल्यो र त्यो दाईने दमाहा बजाउन र पुजा हुन पनि छोड्यो यो गोदावरि हाम्रो यहाँ हिन्दु भर्माबलम्बी पर्यटकहरु हिन्दु धर्ममा आश्था राख्ने पर्यटकहरु आउने गर्छन । गोदावरिलाई बायपास गरेर हामिले जान हुँदैन रगोदावरिलाई पनि हेर्नुपर्छ ।जबसम्म गौरिफन्टा नाकाको बिस्तार हुँदैन तबसम्म हाम्रो यो क्षेत्रको विकास हुन गाह्रो छ हाम्रो धनगढीको एयरपोर्टको बिस्ता हुनुपऱ्यो जग्गा किनेर पनि त्यसको बिस्तार गर्नुपऱ्यो र जहाँ जहाँ हाम्रा एयरपोर्टहरु बन्द भएका छन तिनलाई पनि सुचारु गर्नुपऱ्यो र गौरवका आयोजनाहरुलाई जति सकिन्छ ग्राह्यता दिनुपऱ्यो अरु सबैका साँझा योजनाहरुलाई बढि पनि ग्राह्यता दिनुपर्छ र प्रजातन्त्रमा प्रतिपक्षको अहम भुमिका हुन्छ तर यो त दुई तिहाईको दमले प्रतिपक्षलाई बायपास गरिराख्ने जो प्रवृति सरकारले गरेको छ जनताहरु हेर्नुहोस जनता ३ पुस्ता भईसक्यो अहिलेसम्म अैलानीमा जग्गामा बसोबास गरिरहेका जनता तिनपुस्ते हादा पनि उनको लालपुर्जा भएका लालपुर्जा पनि उजुरि हालेर पनि बन्द गर्दिनु जनतालाई गासबासको समस्याको समेत हल नहुनु यो दुर्भाग्यपूर्ण छ यसमा सरकारको ध्यान गएको छैन र सबैका आधारभूत आवस्यकतालाई ग्राह्यता दिनु पर्ने हो त्यतातिर ध्यान नदिएर बिलासि बस्तु ऐयासिका साधनहरु ल्याउने र पञ्चायति शासन जस्तै प्रजातन्त्र आएपनि जनताले राहत पाउन सकेका छैनन् र अब प्रजातन्त्र आयो,लोकतन्त्र आयो,गणतन्त्र आयो देख्नमा त लोकतन्त्र, गणतन्त्र देखिएको छ तर काम व्यबहारमा साम्यबादि दर्सनजस्तो परिपार्टिले यो सरकार गईराखेको छ त्यसमा सुधार हुनु आवश्यक छ यदि त्यो सुधार भएन भने भोली यो देशलाइए खतरा पनि हुनसक्ने सम्भावना तानाशाही जन्मिने या सैनिक

शासन सम्म लागु हुने किसिमका परिपाटि हुन सक्छन त्यसैले यसलाई विशेष गरेर सबैको सर सल्लाहले प्रजातन्त्रमा सबैको प्रतिपक्षलाई वि.पि कोईरालाले १५र१७ को पिरियडमा यहाँ प्रतिपक्ष मनमोहन अधिकारी र पुष्पलाल लाई राखेर उनिहरुको कुरा पहिले समाबेश गरेर १५र १७ सालको पिरियड चलाएका थिए । आज प्रतिपक्षको वार्ताको रुपमा भुल्याउने र त्यसपछि आफ्नो मनोमानी गर्ने जो यो सरकारले योजना ल्याएको छ अधिकांस माननीयहरुको भनाई के छ भने हामिले दिएका योजना नै छैनन् यो झ्यालबाट अएका हुन कि  सरकारमा हामिलाई कमिसनतन्त्र छ जस्तो पनि लागेको छ । यसमा पनि अयोग गठन होस छानबिन होस योजनाहरु बाँडियुन र अहिले यो यस्तो त पञ्चायत कालमा पनि भएन एक बर्षको योजना बरु असाढमै भएपनि सिद्धियो तर यहाँ दुई वर्ष हुँदा पनि समयमा त्यो योजना रेस्टिप्युट नहुने र अन्तमा त्यहि जेठ असाढमा गएर योजनाको डि.पि.आर सम्झौता भएर योजना बाँडिने आज सम्पूर्ण लगभग साना योजना बाहेक सम्पूर्ण यहाँ आधा पनि नभएका हाम्रो बजेटलेस भएको अवस्था छ जनताको प्रतिनिधि जनताको बिचमा हामिले केहि मुख देखाउने बाटो यो सरकारले राखिदिएको छैन यो सरकारलाई भगवानले सत्बुद्धि दिओस भन्ने शुभकामनाका साथ मेरा दुई शब्द यहि टुङ्ग्याउँछु धन्यबाद ।

**मा० कृष्ण बहादुर चौधरी** :-  महोदय, तालिमै तालिम र गोष्टी कति गर्छौ सेमिनार, झ्याल र ढोकाबाट सेटिङमा गर्छौ योजना तयार, माथिदेखि तल सम्म गरेका छौ नीतिगत भ्रष्टाचार,नामै बिनाको योजना राख्यो यि नै हुन पुष्याँई गर्ने आधार, वितरणमुखि बजेट ल्यायो कार्यकर्ता पोष्ने बनायो, बडा सरकारले भन्दा गिरेको एक हजारको योजना बनायो । असन्तुलित र मन्त्रिमुखि बजेटको बिनियोजन गरायो, आफ्नो प्रदेशको गरिबि छाडि डोल्पामा बजेट पठायो,कृषि पनि वन पनि सबैभन्दा बढी पुर्वाधार, अलिअलि त अरुमा पनि छन नि अब त कारबाहि गर सरकार,एक वर्षमा आधा सङ्ख्यामा घटाउँछु भन्थ्यौ इन्डियामा जाने कामदार,घटाउनु त परै जाओस युवालाई लखेट्दै छौ सरकार युवालाई लखेट्दै छौ सरकार.  महोदय,यहि कारणले गर्दा प्रतिपक्षले रातो किताब जलाएको हो । हाम्रो रहर थिएन बाध्यता थियो,हामिले यहि सदनबाट पास गरेका सुशासन ऐन विपरित आएको यो बजेटको कारणले हामिले यो बजेट होइन यो रातो किताब होइन Blank book भनेर हामिले भन्यौं र हामिले रातो किताब जलायौं । माननीय साथिहरु कति माननीय साथिहरुले हिजो संसारमा कहिँपनि नभएको दुनियाँमा कहिँपनि नघटेको घटना यो

सुदूरपश्चिम प्रदेश सरकारका प्रतिपक्षका साथिहरुले गर्नुभयो भनेर भन्नुभयो । बडा राम्रा जानकार हामि पनि हौँ ति मित्रहरुलाई एकचोटि पछाडी फर्केर तपाईं हेर्नुहोस के हाम्रो यहि देश मै कुर्चिहरु टेबलहरु भाँचिएको होइनन र त्यतिमात्र होइन मित्रहरु फर्केर हेरौं । बनेका भौतिक संरचनाहरुलाई भत्काउँदै तहसनहस पार्दै त्यतिमात्र होइन निर्दोस जनताहरुलाई मारकाट गर्दै यहि देशमा घटेको घटना होइन । अनि यो रातो विताब जलाएर प्रतिपक्षले बिध्वंसकारि काम गऱ्यो भन्ने बिध्वंसकारि भनेको केहो त्यसकारण म माननीय साथिहरुलाई भन्न चाहान्छु हामि बिगतका दिनहरुलाई नहेरौं हामि यो सुदूरपश्चिम बासि हो हामि भाषण गर्छौं हाम्रो सुदूरपश्चिम प्रदेश सम्भावनाले भरिएको प्रदेश हो भनेर तर हाम्र बजेटहरु हाम्रो योजनाहरु हामि यसरि बनाउँछौं भने के यो प्रदेश माथि उठ्न सक्छ त ? हामि यो ७ नं.प्रदेशलाई १ नं.प्रदेश बनाउछौं भनेर हामि टेबलबाट हामिले भाषण गरेका होइनौं अब यो तरिकाले बजेट ल्यायो भने हाम्रो प्रदेश १ नंबर बन्न सक्छ त ? सक्दैन त्यसकारण बिगतका कुरालाई छोडौं । नयाँ सोच र नयाँ तरिकाबाट हामि यो प्रदेशलाई कसरि बनाउने भन्नेतिर हामि लागौं । प्रतिपक्षले रातो किताब जलायो तर यहाँ भन्नैपर्छ अब २५ जना सत्तापक्षका माननीयज्युहरुले त सिग्नेचर गरेर मुख्यमन्त्रिज्युलाई बुझाएकै होनित किन बुझाए । हो त्यसकारणले अब जुनजुन बिसयमा जुनजुन ठाउँमा असन्तुलनका कुराहरु छन बेईमानिका कुराहरु छन् यसलाई हामि कसरि निराकरण गर्ने सन्तुलन नभएका ठाउँमा कसरि सन्तुलन कायम गर्ने त्यतारि हामिले ध्यान दिनैपर्छ । यदि भएन भने अहिले त रातो किताब जल्यो देशमा नभएका कुराहरु भएका छन् अर्को कुरापनि हुनसक्छ । महोदय,असाढ १ गते ०७६/०७७ को लागी बजेट प्रस्तुत भयो असाढ ५ गतेदेखि निरन्तर २१ गतेसम्म सदन अवरुद्ध भयो लामो समय ८/९ पल्ट सरकार र प्रतिपक्षको बिच बार्ता भयो र धेरै गहिरो ढङ्गले धेरै मसिनो ढङ्गले छलफल भयो र अन्ततः हामिले सदन बन्द गर्नुहुन्न अब सुचारु गर्नुपर्छ भनेर हामिले एक खालको सहमती गऱ्यौं र सदन सूचारु भएको छ त्यहि कारणले हामिले सदन खोलेका हौं ।माननीय महोदय म हाम्रो सुदूरपश्चिम प्रदेश सरकारसंग जोडदार रुपले मार्फत अब यो बजेटको छलफ सकिसकेपछि एउटा अधिकार सम्पन्न एउटा संसदिय समिती गठन गर्नुपर्छ र जहाँ हामिले संका गरेका छौं त्यो कुरालाई यथार्थमा ल्याउनको लागी हामिले पहिचान गरेर त्यसलाई हामिले निरुत्साहित गर्न सकेनौं कारवाहि गर्न सकेनौं भने भोलि यहाँ अर्को खालको द्वन्द हुनसक्छ त्यसकारण म सरकारसंग जोडदारसंग माग गर्न चाहान्छु । यदि त्यस्तो गर्न सकेनौं भने अहिलेको यो ०७६/०७७ को बजेट बिनियोजन हुँदैगर्दा यहाँ एउटा

यस्तो गिरोहका जसलाई हामि दलालपनि भन्छौं सेटिङमा योजना लाने त्यो पत्ता लगाउन जरुरि छ त्यस्ता ठेकेदारलाई । अब निर्वाचन क्षेत्रको माननीयलाई त्यहाँ गएको योजनाको बारेमा थाहा नै छैन त्यहाँका जनप्रतिनिधिहरुलाई थाहा छैन अनि कसरि गयो त यि दलाल मार्फत गएको हो जहाँ मोटो रकम कमिसन मिल्छ ति लदालमार्फत त्यहाँ गएको हो त्यस्ता दलालमार्फत गएको योजनालाई हामिले पहिचान गरेर त्यसलाई हामि कावाहि गर्नुपर्छ । माननीय महोदय,यहाँ धेरै कुरा आइसकेका छन धेरै लामो भाषण गर्नुभन्दा पनि यथार्थ यहि हो अन्तमा सरकार र प्रतिपक्षको बिचमा ठुलो समयसम्म छलफल भयो र एउटा गहिरो ढङ्गले सहमति भएको छ बाहिर भद्र सहमति भनेर भनिएको छ तर सरकारले गरेका जतिपनि हमिले उठाएका मुद्धाहरुसंग ससहमति गरेको छ कार्यान्वयन गर्ने छ यहि विश्वास लिदै आफ्नो भनाई यहि अन्त्य गर्छु धन्यबाद ।

**मा० रतन बहादुर थापा** :- माननीय ज्यु , सर्बप्रथम जुन यो बजेट आएको छ त्यसको लागी रतन थापाको तर्फबाट धेरैधेरै धन्यबाद छ । तर यो अलिकति अप्ठ्यारो छ तिनओटा बजेटहरु आइसक्यो एउटा बजेट केटाकेटि पाराले ल्याएको भन्ने कुरा आयो अर्को अलिकति राम्रो हुन्छ भन्ने कुरा आयो तर अहिले युवामा आइसक्यो तर पनि खासै परिवर्तन भएन कुनै कुराको पनि एकचोटिको गल्तिलाई सामान्य लिनुपर्छ दोस्रो पल्ट पनि माफिदियो तर तेस्रो गल्ति पनि सहने मान्छे बेबकुफ हुन्छ रे के गर्ने भन्दापनि सहने बेबकुफ हुन्छ त्यसकारण म बेबकुफ बन्न चाहाँदैन र यो बजेटको सन्दर्भमा धेरै साथिहरुले धेरै कुरा उठाए प्रतिपक्षको त आज अलिकति चर्कै आयो यो बजेटको कुरामा केछ भने मैले भौतिक मन्त्रिज्यु हनुहुन्न वहाँलाई एकदम भलादिमीको काम गरेको मैले महसुश गरेको थिएँ मैले यदि एउटामात्र योजना तपाईले हाल्नुपर्‍यो भने यो योजनामध्ये हालिदिनुहोला भनेर १,२,३ नंबरिङ गरेर दिएको थिए त्यसमा २० लाख रुपयाँ हाल्नुभएको रहेछ । एउटा क्लब छ हाम्रो ठाउँमा शुभनन्दा त्यसमा २८ लाख चाहिँ योपालि हाल्दैरैछ काम हुँदैछ तारबार अहिलेपनि ४० लाख रुपयाँ चाहिँ हालिएको रैछ कहाँ रैछ त्यो शुभनन्दा भन्ने को रहेछन भनेर खोज्दै गएको त शुभनन्दा केहिपनि नरहेछ तर यसो तारबार गरिराखेको देखे मैले अर्को एउटा सिसमझाडि झाडी भन्ने मेरो ठाउँमा मैले मेरो स्वकीय सचिवलाई घुमाए सिसमझाडि भन्ने कहाँ रहेछ भनेर पत्ता लगाउन तिनओटा रुख रहेछन त्यसमा बजेट रहेछ ९० लाख रुपयाँ भनेपछि हामिले यो हाम्रो मनलाई कसरि रोक्ने त भन्दाखेरि कसरि गयो अब हामि माननीयको इज्जत एउटा कर्मचारिको नाम हो त्यो एकजना

शुभनन्दा क्लबको सदस्य रहेछन डम्मर वि.क पञ्कज शाह भन्ने तिनको चाहिँ सिमलभ्काडि भन्ने ठाउँमा घर रहेछ । अब एउटा कर्मचारिले भन्दा माननीय को बजेटको यो दशा हुन्छ भने धन्यबाद कति दिने हामिले धन्यबाद दिन धेरै गाह्रे भयो । अलिकति यसकोबोमा कहानीपनि सुनाईदिउँ एउटा कथा छ एउटा पहिलेको स्यानो स्यानो डुङ्गामा ९ जना मान्छे गएछन । त्यो डुङ्गामा प्वाल परेको रहेछ विचमा गएर थाहा पाएछन, अनि ८ जनाले के गरेछन भने अब यो डुब्ने भयो भनेर पानि फाल्दारहेछन एक जना जोगी पनि रहेछन उनि चाहिँ डुङ्गामा पानि भरिरहेका रहेछन अरे हामि पानि बाहिर फालिरहेका छौँ तपाइँ पानि हाल्दै हुनुहुन्छ किन यस्तो गर्दैहुनुहुन्छ भगवानको यहि मर्जि थियो म भगवानको भक्त हो छिटै जानुपर्ने लेखेको रहेछ त्यसैले भरेको भनेछ त्यसकारण यहाँ अब को दबाउँदैछ,को पानि फाल्दैछ,को डुबाउँदैछ यो पनि हेर्नुपर्नेछ यो जोगीको जस्तै हामिले पनि गर्नुभएन भन्ने छ ।अब यो बजेट भनेको कस्तो हो भने नपाली जनता गरीब जनता आज १७ हजार मान्छेको रगतको बलिदान छ हमिले पनि हाम्रो सिङ्गो जवानी हामिले जनताको सेवा गरौँला राम्रा कामहरु गरौँला भनेर हामि यहाँसम्म पुग्यौँ । हमिले के सोच्यौँ हाम्रो यो जिवन अरुको सवाको लागी हो र निश्वार्थ रुपले हामिले गर्नुपर्छ भनेर लाग्यौँ तर हामिले सुखपनि यहि दुखमा खोज्नुपर्ने भयो । त्यसकारण यसमा धेरै जनताहरुको योगदान छ बजेट यस्तो हो सकिन्छ कुनै राजा महाराजा अथवा मन्त्रिहरुको पैतृक सम्पत्ति छ भने जसलाई पनि बाँड्न सकिन्छ यो त नेपाली जनताको सम्पत्ति हो यहाँ १/१ पैशाको हिसाब हुनुपर्छ । त्यसकारण आज भनिन्छ हजारौँ अपराध गर्ने बलात्कारि देखि लिएर हरेक मान्छेहरुभन्दा जो सत्तामा बसेर केहिपनि गर्दैन भने त्यो बलात्कारि भन्दापनि ठुलो अपराधी हो भन्ने कथन छ त्यसकारण हामि यस्तो कमहरु नगरौँ तेस्रो पटक भयो बचाउनु केहि कुरा छैन यहाँ लायो खोलेर घर जानपनि सकिन्छ यो भत्ता र तलबको लागी हैन मत सेवा गर्न आएको हो । त्यकारण आज मेरो त्यो २० लाख रुपयाँ हालेको वडामा बडा अध्यक्षलाई भनेर उप प्रमुखज्युलाई भनेर २ करोड रुपयाँ हालेको छ । २ करोडमा २० लाख मैले मिलाएको छु मेरो दसा हेर्नुहास यहाँ यो कहानी यहाँ नसुनाएर कहाँ सुनाउने त्यसकारण अब हामि सुधिनुपर्छ अहिले सुध्रेन भने कहिले सुधिने डुङगा डुब्छ डुङगा डुबेपछि जोगीपनि डुब्नेवाला छन् त्यसकारण हामि डब्नुहुँदैन । अब अर्को प्रतिपक्षको कुरा एउटा पत्रकारले सोधका थिए हाम्रो नेता भिम रावललाई तपाई त प्रतिपक्षको काम गर्नुहुन्छ के हो भन्दाखेरि प्रतिपक्ष भनेको नेपाली कांग्रेस न हिजो सरकार चलाउन सक्यो न अब प्रतिपक्ष चलाउन सक्छ अब के गर्ने हामिले नै भन्नु पर्ने अवस्था आयो ।

हिजो सम्म नेपाली कांगेसको खासै चहलपहल देखिएको थिएन अस्ति यहाँ सम्भौता गरेर आठ जना मन्त्रि र चारजना मिलेर भद्रगोल गऱ्यो भन्ने पोहोरसाल यहिँबाट सुनेको हामिले कुनैकुनै त एक रुपयाँ पनि परेको छैन रे बजेट । त्यसकारण हामि देशको फन्डमा आईसकेपछि हामिले राम्रो कुराहरुलाई  लिनुपर्छ नराम्रो कुराहरुलाई त्याग्नुपर्छ । यो पाली त यस्तो बजेट आउँछ कि प्रतिपक्षसंग सोधेको छ विद्धानहरुलाई सोधेको हामि माननीयहरुलाई पनि सोधेको छ आखिर के भयो हात्ति हायो हात्ति हायो  फुस्सा जस्तो थियो त्यस्तै कहिपनि परिवर्तन भएन अनि परिवर्तन हुने कहिले त कसले गर्छ । यो भन्डाको त हामिले कदर गर्न सक्नुपऱ्यो । हामि परम्पराबादि भयौँ एउटा सानो फिगर चेन्ज गर्न नसक्ने भयौँ हिजो हामि क्रान्ती गर्छौ भनेर मर्न र मार्नपनि तयार भयौँ र अहिले हाम्रो बजेटमा भएको त्रुटि सच्याउन सुक्दैनौँ । हिजो राणाकालमा भएका घटनाहरुलाई हामि चालु गर्न सक्छौँ किन सक्दैनौ कसले रोकेको छ सरकार कसैले गिराउने वाला छैन २५ जना भन्ने कसले लेखेको हो हाँबाट आएको मलाई थाहा छैन । पार्टिमा त धेरै कुराहरु लेखिन्छन धेरै कुराहरु सोधिन्छन मन्त्रिले नि कहाँ देखाए कांग्रेसलाई हाम्रो सिग्नेचर भन्ने छ । यस्ता सिग्नेचर पार्टिभित्र कति गरियो हामिले अहिलेको सिग्नेचर हाइलाईट भएछ । केहिपनि छैन त्यसमा राम्रो गर भन्ने मात्रै छ त्योत हामिले हरेक मिटिङमा भन्छौँ यो पाली अब प्रतिपक्षका साथिहरुलाई अलि बढि नै हौसला मिलेछ । मेरो भनाई त लेखा समिति राखौँ भन्ने थियो दुई तिहाईको बल पनि देखाउने भन्ने थियो, किन देखाउने तरपनि परम्परा के रहेछ भने लेखा समिति चाहिँ प्रतिपक्षलाई दिनुपर्ने रहेछ  प्रतिपक्षलाई गाडि पनि दिएको छ २ ओटा अनुसन्धान गर्ने मान्छे चाहियो हामिपनि थपिदिन्छौ १/२ ओटा यथार्थ कुरा हुनुपऱ्यो । यो कुरा सहि छ यो कुराहरु गलत छ भन्ने कुरा हामिले पनि  बुभ्नुपऱ्यो प्रतिपक्षको कुराहरु पनि लागु हुन्छ नहुने भन्ने कुरा छैन किनभने सत्ता र प्रतिपक्ष एउटा भाग हो सत्तापट्टिको सबै उठेर गएपछि त बैठकनै चल्दैन । चलईदिन्छौँ भन्ने कुरा पनि आएको थियो त्यसकारण सम्भौता पनि गर्नु भयो कि हिजोको जस्तो खिचडी सरकारको परम्परा घर गएर बसेपनि पनि यहाँ नचल्ने भन्नेपनि छैन । कति मान्छेहरुलाई त के पनि लागेको हाला भने प्रतिपक्ष गयो भने त बजेटनै पास हुँदैन किन हुँदैन मजाले हुन्छ हिजोको दिनमा खिचडी सरकार थियो र पो गाह्रो थियो त्यसकारण केहि गर्छौँ हामि यहाँ माईक फोड्ने टेबल नै तोड्नेजस्तो कुराचाहिँ नगर्नुहोस । हामि यहाँ भगडा गर्न आएका होइनौँ यहाँ यहाँ केहि विकास गर्न आएका हौँ हामि हाम्रो बुद्धि बिवेकले केहि गरौँ भने हामि यहाँ आएका हौँ । आज यो प्रदेश फेल भयो भने हामि सबै फेल हुन्छौँ

नेपाली कांग्रेसपनि फेल हुन्छ  जनताहरु पनि फेल हुन्छन र संसारले हामिलाई धिक्काछ्र्र यो एउटा प्रदेशका निर्माण गर्न नसक्नेहरु ईतिहास रच्नेहरुको दसा हेर भनेर अन्तराष्ट्रिय जगतमा हाम्रो नाम लेखिन्छ त्यसकारण हामिले यो सत्तापक्ष प्रतिपक्ष भन्दापनि सत्यको पक्षमा हिडौं भन्दै मेरा दुई शब्द यहि अन्त गर्छु धन्यबाद ।

**मा० अम्बी कुमारी थापा** :-  महोदय,  म बजेटमाथि केहिकुरा बोल्नुभन्दा पहिला कमलबजार नगरपालिका बडा नं ६ बिरभत डुब्के बस्ने १८ बर्षिय भाई बनोद जनालाको मृत्यु भएको छ २०७६/०३/२२ गते बेलुका करिब साढे ६ बजेको समयमा सोहि ठाउँको बिद्युतको पोलबाट तार खसेको अवस्थामा त्यहि तारमा त्यहि तारबाट करेन्ट लागेर अल्पायुमै मृत्यु भएको छ । मृतकप्रति हार्दिक समबेदना प्रकट गर्दै शोकाकूल परिवारप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै मृतकका परिवारलाई यो प्रदेश सरकारले राहत उपलब्ध गराओस  भन्ने अनुरोध गर्न चाहान्छु ।  महोदय, मुख्यमन्त्रिले प्रतिपक्षसंग भएका सहमति र धेरै लामो तिन सातासम्म नचलेको सदन मुख्यमन्त्रि,अर्थमन्त्रिर कानुन मन्त्रिसंग बसेर प्रतिपक्ष र सत्तापक्षको सहमति अनुसार यो सदन सञ्चालन भएको छ । आज तेस्रोदिन  महोदय,जड्याहाहरुले आफ्नो ऋण तिर्नको लागी आफ्नी आमालाई बेश्या बजार पठाएको बेला हो यो विकृति बिसंगतिको यो प्राकटमा जनता अर्जुन नबनोस ।  महोदय एकजना कविले कवितामा के भन्नुभएको छ भने दुईतिहाईको दम्बले बेलून फुलेझैं फुलेको यो ने.क.पा.को सरकार संघिय,प्रादेशिक,देखि स्थानिय सरकार सम्म नै भ्रष्टाचार घुसखोरि र कमिशनतन्त्र जस्ता विकृति र बिसंगतिहरु भईरहका छन देशकै अस्मिता र स्वाभिमान खतरामा छ । यस सन्दर्भमा आएको सुदूरपश्चिम प्रदेश सरकारको बजेट भ्रष्टाचारलाई संस्थागत गर्ने टुर्के योजना र वितरणमुखि पुलिन्दा मात्र बनेको छ । ०७६/०७७ को बजेट अत्यन्त राम्रो छ लोकप्रिय छ सुदुरपश्चिम बासिले चाहेजस्तो छ भनेर मुख्यमन्त्रिले यहाँ बोल्दै गर्दा  प्रतिपक्षले रातो किताब जलाएका कुरा उठाउँदै गर्दा मलाई  लाग्छ प्रतिपक्षले रातो किताब जलाउनुको उद्येश्य सुदूरपश्चिमका जनताहरुलाई थाहा छ । सत्तापक्षका माननीयहरुले आपत्ति जनाउँदै गर्दा सत्तापक्षका माननीयहरुको मन मुटुमापनि यो कुरा छ त्यसैले सरकार र पार्टीलाई बचाउनको लागीमात्रै यो सदनबाट कुरा बोलेको जस्तो लाग्छ मलाई यो सुदूरपश्चिम बासिका लागी खतराको घन्टी बजेको छ । यो बजेटकै कारणले यो प्रदेश रहने कि नरहने भन्ने खतराका घन्टीहरु बजिरहेका छन  महोदय । यो मैलेमात्रै प्रतिपक्ष भएर भनेको होइन जनताहरुले आवाज उठाईरहेका छन् । यो प्रदेश सरकारले गरेका गतिबिधि र प्रदेश

सरकारमा अहिलेसम्म भएका काम कारवाहिहरुलाई हेर्दा हामिले छाती फुलाएर यो संसदमा मिठा भाषण ठोकेर हिन्नुपर्ने अवस्था छैन । त्यसैले  महोदय मुख्यमन्त्रिज्युले लोकप्रिय हुनको लागी १,५ र १५ हजारका योजनाहरुमात्र राखेर हुँदैन अब त्यसैले एक सयबाट सुरुबात गर्नुस र एक लाख सम्म पुऱ्याउनुहोस । तपाईहरुको सरकारले जनतामाझ विश्वास कमाउनु हुनेछ भन्ने म शुभकामना दिन चाहान्छु ।  महोदय ०७६/०७७ को  नीति तथा कार्यक्रमको  पेज नंबर ७ को३६ नंबर बुँदालाई एकचोटि राम्रोसंग अध्ययन गरिदिनहुन म अर्थमन्त्रिज्युलाई आग्रह गर्न चाहान्छु । अर्थमन्त्रिज्यु , उपलब्ध वित्तिय स्रोतको वितरण,भौगोलिक बिकटता,आवस्यकता,समाबेशिता एबम् समानुपातिक ढङ्गले गरिनेछ भनिएको छ । के बजेटमा भौगोलिक बिकटता समावेश गरिएको छ,आवस्यकताका आधारमा बितरण गरिएको छ त । समाबेशिता खोई त कता हरायो समानुपातिक र समाबेशिता कता हरायो लोकतन्त्र तपाईहरुले बोल्दै गर्दा तपाइँहरुले नीति तथा कार्यक्रम ल्याउँदै गर्दा यो बजेटमा समेटियो कि समेटिएन भन्‍नेपनि महसुस गर्नुहुँदैन जस्तो लाग्छ मलाई अघिनै माननीयज्युले भनिसक्नुभयो एक पटकको गल्तीलाई माफि दिईन्छ तर तिन तिन पटकको गल्ती सहनेलाई पनि मुर्ख भनिन्छ । त्यसैले हामि बाध्य भएर यो रातो किताब जलाएका हौँ । हामि अब मुर्ख बन्न चाहान्नौं सुदूरपश्चिमका जनतालाई हामि मुर्ख हौं भनेर मुर्खता देखाउन चाहान्नौं त्यसैले हामि अब सरकार चलाउने मुख्यमन्त्रि लगायत मन्त्रिहरुलाई पनि आग्रह गर्न चाहान्छौं । केहि समित मन्त्रि र दुईचार जना माननीयहरुलाई मात्र खुसि बनाएर यो सरकार यो सुदूरपश्चिम बासि जनता खुसि हुनेबाला छैनन्  मन्त्रिज्यु  त्यसै अब तपाईले बुझ्न जरुरि छ कि यो सदनभित्र उपस्थित भएका ५३ जना माननीयहरु तपाईहरुले समानुपातिक समावेशिता र समानताका कुरा गर्दैगर्दा यो नति तथा कार्यक्रममा ल्याउँदै गर्दा कतिकुरा कार्यान्वयन भए त्यो कुरा पनि तपाईहरुले हेर्न जरुरि छ । अब सुदूरपश्चिम बासि जनताको आँखामा छारो हाल्ने  अब हमिले नयाँ संघियता भयो नयाँ संरचना भयो भनेर दुई दुई बर्षसम्म भनिराख्नुपर्ने अवस्था छैन । अब हामिले सच्चिनु जरुरि छ अब पनि हामिले सच्चिएर अगाडी बढेनौ भने दुर्घटना हुने खतारा छ । त्यसै यहाँ मुख्यमन्त्रि लगायत अरु मन्त्रिहरु पनि हुनुहुन्छ  म यहाँहरुलाई आग्रह गर्न चाहान्छु ।  महोदय,अब यो नीति तथा कार्यक्रममा लेखेका कुराहरु मैले नीति तथा कार्यक्रममा छलफल हुँदैगर्दा पनि मैले भनेको थिएँ सेतो पानामा कालो अक्षरले लेखेका कति राम्रा अक्षरहरु अब यो कर्यान्वयन बजेटमा कति समावेश हुन्छ भन्ने कुरा अहिले तपाइँहरुले बुझिसक्नु भएको छ  बजेटमा कति समावेश भयो

भन्ने कुरा र कति बजेटमा समेटिएर लगियो भन्ने कुरा  महोदय,मलाई लाग्छ अब म एउटा कुरा भन्न चाहान्छु मुख्यमन्त्रिज्यु लगायत मन्त्रिमण्डलका मन्त्रिज्युहरु तपाईहरु हुलाकि राजमार्गको सडकहरुमा  झन्डा फर्फराउँदै हिड्नु हुन्छ त्यो सडकको हिलाम्य र धुलाम्य अवस्था तपाईहरुले देख्नुभएको छैन कालो गाडी र कालो गाडिको सिसाले देख्नुभएको छैन होला मुख्यमन्त्रिज्यु लगायत मन्त्रिमण्डलका मन्त्रिज्युहरु तपाईहरु एकचोटि तिनपाङ्ग्रे टुकटुकेमा गएर हर्नुहोस् एउटा सडकको उदाहरण मात्रै दिएको हो मैले यस्ता सडकहरु तमाम छन  तपाईहरुको गाडिको कालो सिसाबाट देख्नुभएको छैन होला एकचोटि तिनपाङ्ग्रे टुकटुकेमा गएर हेर्नुहोस् भन्दै विदा हुन्छ हवस त धन्यबाद ।

**मा० मान बहादुर धामी** :- माननीय  महोदय,आर्थिक बर्ष २०७६/०७७ माथि सम्माननीय गरिमामय सदनमा हामि छलफलमा छौँ । सुदूरपश्चिम प्रदेश सरकारले ०७४/०७५ को  आंशिक बजेट , ०७५/०७६ को पूर्ण बजेट र अहिले आर्थिक बर्ष ०७६/०७७ को पुर्ण बजेट यो सम्मानित सदनमा प्रस्तुत गरिसकेको छ। माननीय  महोदय सबभन्दा पहिले आर्थिक बर्ष २०७६/०७७ को बजेटको छलफलमा हमि सदनमा छौं । यो आर्थिक वर्षको बजेटको म पूर्ण रुपमा सर्मथन गर्न चाहान्छु  र आफ्ना केहि धारणाहरु,आफ्ना विषय बस्तुहरु सम्मानित सदनमा राख्ने अनुमति चाहान्छु। माननीय  महोदय, हामि धेरै लामो सदन अवरोध पश्चात आज तिन दिन भयो हामि सदनमा बजेटमाथि छलफल गरिराखेका छौँ । प्रमुख प्रतिपक्ष दलले चाहिँ आसाढ ५ गतेबाट अबरुद्ध गरेको सदनलाई २१ दिनपछि बार्ताको बिभिन्न माध्यमबाट सदन सूचारु भएको छ । यसकारणले हामि लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छौं एकातर्फ हेर्ने हो भने हामिले थुप्रै चुनौतिहरुको सामना गर्नुपर्ने बाध्यता छ र अर्कोतर्फ हाम्रा महान सम्भावनाहरु पनि हाम्रो सुदूरपश्चिम प्रदेशमा देखिईराखेका छन् । र सदनभित्र स्वभाविक रुपमा जनताले जनप्रतिनिधिको रुपमा चाहिँ यहाँ जननिर्वाचित भईसकेपछि हाम्रो जिम्मेवारि हाम्रो काँधमा सुदूरपश्चिम प्रदेशलाई सुखि नेपाली र सम्बृद्ध नेपालसैग जोड्ने अभियानको रुपमा सुदूरपश्चिम प्रदेश सरकारले लिएको छ। र स्वभाविक रुपमा सदनमा मैले देखिराखेको छु  महोदय हाम्रो अगाडी सम्बिधानले दिएको व्यवस्था हो दुईओटा रो हरु हामिले देखिराखेका छौं एउटा सत्तापक्ष र अर्को प्रतिपक्षको तर मैले पटक पटक सुन्ने गरेको छु हमि सदनमा एउटै हौं भनेर प्रतिपक्षका साथिहरुले जहिलेपनि भनिराख्नु भएको छ। म अनुरोध गर्न चाहान्छु माननीय  महोदय मार्फत यदि हामि सुदूरपश्चिम प्रदेशलाई सुखि नेपाली र सम्बृद्ध नेपालको लक्ष्यमा अगाडी बढाउने हो र हामि सबै उउटै हौं

भनेर वहाँहरुले जो आफु कमजोर भएको तर्क यहाँ प्रश्तूत गरिराख्नु हून्छ त्यो ह्मिमत गर्ने हो भने हामि उउटै रोस्टममा बस्ने हिम्मत गर्न सक्छौं कि सक्दैनौं । माननीय  महोदय, त्यतिमात्र होइन प्रमुख प्रतिपक्ष दलबाट रातो किताब जलाउने काम भयो त्ये मैले धेरै आपत्ति जनाउन आवश्यक छैन वहाँहरुले आफै लोकतन्त्रको अभ्यास निकै लामो समयदेखि नै नेपाली कांग्रसले गर्दै आएको छ यद्धपी २००६ साल देखिका बजेटका पानाहरुपनि हमिले सून्ने मौका पायौं र अहिले हेर्दै जाँदाखेरि सत्ता बाहिर बस्दा र सत्ता भित्र हुँदाखेरिको एउटा पिडाको अनुभुति स्वभाविक रुपमा भईराखेको हाला हामिले त्यो देखिराखेका छौं । तर वास्तममा जुन रुपमा सुदूरपश्चिम प्रदेश सरकारले बजेट ल्याएको छ माननीय मुख्यमन्त्रिज्युले अस्ती नै यहाँ हाम्रो अगाडी भनिसक्नु भएको छ सम्पुर्ण सदनलाई जानकारि गराइसक्नु भएको छ । कि यो प्रदेशलाई जुन नेपाल सरकारले २०३० सम्मको लक्ष राखेको छ त्यो लक्षलाई पुर्ति गर्नको लागी प्रदेश सरकार तयार रहेको कुरा बजेटले चाहिँ एक हिसाबले देखाएको छ । स्वभाविक रुपमा केहि कमजोरिहरु छन हामिले त्यो देखिराखेका छौं केहि त्रुटिहरु छन जसलाई सच्याएर लानको लागी म प्रदेश सरकारलाई सुझाव दिन चाहान्छु । र खास गरेर हामि यो सम्मानित सदनमा आईसकेपछि हामिले सुन्यौं बिगतमा र अहिले जसरि हामि यो गरिमामय सदनमा उपस्थित छौं पुर्ववक्ता थुप्रै माननीयज्युहरले आफ्नो बिषय बस्तु राख्नुभयो कि ध्वंस र निर्माणको कुराहरु , म वहाँहरुलाई प्रति प्रश्न गर्न चाहान्छु ,यदि त्यो बेला सामन्तबादको जरो उखेल्नको लागी यो देशमा जनयुद्धको थालनी नभएको भए ति बक्ता माननीयज्युहरु आज यो सदनमा उपस्थित हुनुहुन्थ्यो कि हुनुहुन्थयो, आउने अवसर प्राप्त गर्नुहुन्थ्यो कि गर्नुहुनुहुन्नथ्यो एकचोटि समिक्षा गर्न आवश्यक छ । आज मैले सम्मानित सदनमा देखिराखेको छु ११ सेकेन्डमा १०० मिटरको गतिमा दगुर्ने युवाहरुपनि यो सम्मानित सदनमा छन् र ५ मिनेटमा २ पाईला हिन्ने हाम्रा बृद्ध बुवाहरुपनि यो सम्मानित सदनमा छन यो हो लोकतन्त्रको गरिमा यो हो लोकतन्त्रको गहना भनेको ।  यो सम्मानित सदनमा हिजाको दिनमा पानि पनि नचल्ने सामन्तबादको जुन जरो थियो त्यो जरोलाई उखेल्दै आफ्नो बर्ग संघर्ष जातिय छुवाछुतको विरुद्धमा संघर्ष गरेर एउटा निम्न स्तरको बनाईएको सामन्तबादले बनाएको जुनज राज्य व्यवस्थाको प्रणालीबाट माथि उठेर यो व्यवस्थामा सम्मानित सदनमा छौं ।फरक क्षमता भएर आफ्नो शारिरिक अवस्था धेरै जटिल भएर पनि यो सम्मानित सदनमा आज हामिले उपस्थित हुने मौका पाएका छौं यो उपलब्धी भनेको सायद त्यो व्यवस्था भईदिएको भए त्यो राजतन्त्र भईदिएको भए,त्यो प्रजातन्त्र भएको भए

यो सदनमा हामि उपस्थित हुने मौका सायद पाउँदैनथ्यौँ । त्यसको उपलब्धी भनेको १० बर्षको जनयूद्ध हो २०६२/०६३ सालको जनआन्दोलन हो अहिले लोकतान्त्रिक गणतन्त्र हो यो संघियता हो हामिले त्यसरि बुझेका छौँ । माननीय  महोदय, नेपाली जनता र यो सुदूरपश्चिम प्रदेशको जनताले त्यसरि बुझेको छ त्यसकारण म आग्रह गर्न चाहान्छु हामि स्वभाविक रुपमा ५३ जना त हौँ यहाँ प्रक्ष्सङ्गहरु उठे १४ जना र २५ जनाको २५ र १४ भन्ने कुराचाहिँ प्रसङ्ग नै होईन मैले बुझ्ने कुरा त हामिले त्यसरि बुझ्दछौँ । यो विषय बस्तु भनेको जनताको जनमतको कुरा हो अहिलेको जनमत नेपाल कम्युनिष्ट पर्टिको पक्षमा दुई तिहाईको सरकार गठन गर भनेर यो सुदूरपश्चिम प्रदेशका जनताले नेपाल कम्युनिष्ट पर्टि (ने.क.पा) लाई बहुमत दिएको हो  महोदय, र सकिन्छ भने प्रतिपक्षलाई पनि संगसंगै लिएर जानुस र प्रतिपक्षलाई पनि यो जनमत तपाईहरु एकचोटि हेर्नुहोस तपाईरुले पटक पटक सत्ता चलाउनुभयो तपाईहरु असफल हुनुभयो भनेर नेपाली जनताले दिएको नैशियत हो । त्यसकारण हामि कहिलेकाहिँ आफु कमजोर हुँदाखेरि हामि सबै ५३ जना माननीय भन्ने ,आफु बलियो हुँदाखेरि खुसुखुसु सम्झौता गर्दै हिन्ने यो एउटा खालको अन्तिम चरणमा सरकार र प्रतिपक्ष बिचको चाहिँ भद्र सहमतिको कुराहरु आएको छ हामि सदनलाई त्यो भद्र सहमति के हो भन्ने कुरा हामि जान्न चाहान्छौँ माननीय  महोदय, त्यस कारणले जुन बिषयबस्तुमा हामि बजेटको बिषयबस्तुमा हामि प्रबेश गरेका छौँ स्वभाविक रुपमा केहि जसरि प्रदेश सरकारले दिर्घकालिन लक्ष्यका साथ अगाडी बढ्नुपर्ने र प्रोजेक्टहरुको सरुवात गर्नुपर्ने थियो त्यो गरिराखेको छैन हामिले पटक पटक ध्यानाकर्षण गराएका छौँ प्रदेशको गौरबका आयोजनाहरु सदनमा मात्रै सिमित हुनु हुँदैन भन्ने हाम्रो लक्ष्यका अनुसार प्रदेश सरकारले आयमुलक वितरणमुखि भन्दापनि उत्पादनमुखि बजेटलाई चाहिँ अँझ बढावा दिएर जानुपर्ने कुरामा विशेष जोड दिन म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । माननीय   महोदय त्यतिमात्र नभएर समानुपातिक रुपमा सबै क्षेत्रलाई समेट्ने ढङ्गले बजेटको विनियोजन भईराखेका स्थितिमा अझ पनि यसलाई अझै बैज्ञानिक ढङ्गले विनियोजन गर्नको लागी सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । खास गरेर प्रदेशको गौरवका आयोजनाहरु केहि अयोजनाहरु सडकमा मात्रै सिमित भएका छन अँझ हामि उत्पादनमुखि आयोजनाहरुको सुरुवात गर्नको लागी प्रदेश सरकारले यो बजेट व्यवस्थापन तिर लाग्नेछ भन्ने विश्वास राख्न चाहान्छु धन्यबाद ।

**मा० लाल बहादुर खड्का** :- माननीय ज्यु,हामि आर्थिक बर्ष २०७६/०७७ को बजेटको छलफलको क्रममा छौँ । र यो बजेटप्रति धेरै विषयहरु उठेका छन् तर पनि मलाई के लाग्छ भने यो बजेटले

समग्रतामा सुदूरपश्चिमको कृषि क्षेत्रलाई अगाडी बढाउने र यसलाई उत्पादनसंग जोड्ने महत्वपूर्ण बिषय पनि यसमा समेटेको छ । लगायतका बिषयहरु र्प्यटनको क्षेत्र र अन्य क्षेत्रहरुलाई पनि समेटेको छ त्यसकारण बजेट समग्रतामा राम्रो छ भन्ने अनुरोध गर्न चाहान्छु । र यो हुँदाहुँदै पनि बजेटप्रति सत्ता पक्षका र प्रतिपक्षका केहि असन्तुस्टी पनि छन ।ति कुराहरुलाई सच्याएर जान सक्यो भने बजेट आफै प्रभावकारि हुन्छ भन्ने मलाई लागेको छ । र यो बजेटको छलफल गरिरहँदा मलाई एउटा सानो उखान याद आयो , एकजना मान्छे पहिलो चोटि गाडी चड्न गएछ , अनि उस्ले सोधेछ गाडी चढ्दा के गर्नुपर्छ भनेर अनि उसलाई सिकाएछन जान्ने मान्छेहरुले ,सडकमा जानु परबाट गाडी आयो भने यसो हात देखाउनु गाडी रोक्छ गाडी चढ्नु अनि जानु भनेछ ,अनि त्यो मान्छे सडकमा गएछ बस आएछ हात देखाएछ र गाडी रोकिएछ धेरैबेर भयो हात यताउता गर्दैन र गाडी पनि चढ्दैन ,अनि गाडिको स्टाफ आएर उसलाई भनेछ ए भाई चाडो बसन ढिलो भईराछ जाने हैन भनेछ ,ए धेरै नकरा मैले हात यताउता नगरि तेरो गाडी यहि रोकेको रोक्यै गरिदिन्छु भनेछ ,उसलाई के लागेछ भने मेरो हातमा यति तागत छ मैले यो हात यताउता नगर्दा त्यो गाडी रोक्यिेको राक्यै हुन्छ भन्ने लागेछ ,त्यस्तै हामिले एउटा परम्परा देख्यौं तिनपल्ट बजेट आयो जहिलेपनि प्रतिपक्षले हात उठाईहाल्ने कुरा ठुलाठुला हुने तर पेरि निष्कर्ष के हो वहाँलाई पनि थाहा छ ।मलाई लागेको थियो म अलिकति कम बुझ्छु तपाईहरुले यो रातो किताब जलाई सकेपछि त बजेटमा चाहिँ सरकारले ठुलै गल्ती गरेछ कि भन्ने लाग्यो धेरै चर्चा परिचर्चा र ठुलै बहसको बिषय पनि भयो अनि एउटा मागपत्र आयो त्यो मागपत्र सुदूरपश्चिमको संघिय सरकारको मागपत्र आयो त्यो कुरा सरकारले समेटिपनि सकेको थियो । हामिले माग गर्ने कुरा माग पनि गरिसकेका थियौं तर हुँदैगर्दाखेरि के रहेछ भने भित्रि कुरा १/२ ओटा योजना थप गर्ने कुरा रहेछ त्यत्तिका लागी १५/१५ दिन सदन अवरुद्ध गर्नु जनताको अत्यन्त महत्वपूर्ण छलफल हुने बिषयहरुमा १/२ ओटा योजनालाई ल्याएर सदन अवरुद्ध गर्नु उपयुक्त हुन्छ कि हूँदैन र मैले यो संसारमा प्रतिपक्ष खुसि भएको प्रतिपक्षले बजेट एकदमै राम्रो आएको छ भनेको कहिँ पनि सुनेको छैन । बजेट जसलाई जनताले एक अवधिका लागी निर्वाचित गरेर पठाएका हुन्छन त्यसको नीति विचार र त्यसको सिद्धान्तसंग सम्बन्धित हुन्छ । त्यसो हुनाले फरक विचार राख्ने दलको विचार धेरै न समेटिन सक्छ  अनि दुई तिहाईको दम्बको  कुराहरु यहाँ आइरहेका छन यदि सरकारसंग दुई तिहाईको दम्बको कुरा हुन्थ्यो भने सदन चलिसक्थ्यो बजेट पास भईसक्थ्यो । त्यसो हुनाले मलाई के भन्न मन लागिरहेको छ भने

वास्तममा हामि सुदूरपश्चिमको समग्र बिकासमा जाने हो भने हामिसंग धेरै सम्भावनाहरु छन हामिलाई प्रकृतिले धेरैकुरा दिएको छ झन्डै एक तिहाई जङ्गल हामिसंग छ देशकै एक तिहाई पानि हामिसंग छ अत्यन्त महत्वपूर्ण जडिबुटि यार्षागुम्बाको खानि हामिसंग छ र त्यो संगसंगै अरुपनि पर्यटकिय क्षेत्रहरु लगायत धेरै खालका सम्भाबनाहरु छन । त्यसो हुनाले म सरकारसंग र प्रतिपक्षसंग के आग्रह गर्न चाहान्छु भने कि अब यो लगानि सम्मेलन भन्दा पहिले एउटा अर्को ठुलो सम्मेलन गरौं सबै पक्षलाई समेटौं हामिले पनि देखेका छौं यो सुदूरपश्चिमले राष्ट्रिय राजनीतिमा अहम भुमिका निर्वाह गरेको छ । हिजो मान्छेहरुले राष्ट्र हाकेका छन तर सुदूरपश्चिमका लागी कसले सोच्यो त्यो छलफलको बिषय होला त्यसलाई हामि कोट्याउँदैनौं । तरपनि अब सुदूरपश्चिम प्रदेश सरकारले सबै पक्षलाई समेटेर सम्पुर्ण सुदूरपश्चिम का लागी एउटा सम्मेलनको गर्न जरुरि छ त्यसले एउटा खाका बनाउँला र त्यहि खाकालाई भोलिको बजेटमा अगाडी बढाउँला त्यसो हुनाले त्यो तिर जानको लागी म अनुरोध गर्न चाहान्छु । मलाई के लाग्यो भने अघि यहाँ कुरापनि उठे अहिलेका गृहमन्त्रिले गोलि चलाउने आदेश दियो भनेर मैले लामो समय मानव अधिकारको क्षेत्रमा पनि काम गरेको त्यसो हुनाले कुनैपनि राजनीतिक आन्दोलनलाई दबाउनका लागी राज्यले गोलि चलाउनु हुँदैन अब यसो भनिरहँदा हामि के पनि सम्झना गरौं भने हिजो हामिले हैन गोलि चलाएको,हामिले हैन मान्छेको टाउकाको मुल्य तोकेको त्यसो हुनाले इतिहासलाई पनि अलिकति दोहोराएर हेरौं । र हरेक कुरालाई आरोपको संज्ञा दिने प्रवृतिलाई अन्त्य गरौं ।अहिले तरकारिको ठुलो चर्चा आएको छ के यो सरकारले निर्णय गरेर यो एक महिनादेखि यो तरकारि आउन थालेको हो होइन नि त । पचासौं वर्षदेखि चलिरहेको छ लामो समयसम्म अहिलेको प्रतिपक्ष दलले शासन सत्ता समालेको थियो के भारतिय मान्छेहरुले तरकारिमा बिषादि हाल्न यो महिनादेखि सुरु गरेका हुन पहिले बिषदि हाल्दैनथे । त्यसो हुनाले सरकारले राम्रो सुरुवात गर्न खोजेको थियो सरकार अहिले पछाडी हटेको छ त्यसमा मलाई पनि आपत्ति छ । म हिजोका दिनमा दुईओटा आन्दोलनसंग जोडिएको छु । भारतिय केरा यहाँ आउने सम्बन्धमा हामि जोडियौं त्यसलाईं हामिले रोक्यौं र कैलाली कञ्चनपूरका किसानहरुले राम्रो उपलब्धी पनि गरेको छ । यो कुरामा हामि लागौं सबैको बलपुर्बक लागौं यसलाई हामिले रोक्नुपर्छ । तर यसको नाममा हरेक कुरामा राजनीति गरिहाल्ने प्रवृतिले हामिलाई कहाँ पुऱ्याउँछ । त्यसै पनि हामि सुदूरपश्चिमका मान्छेहरु अलि नयाँ खालका विपक्षमा बोल्ने चर्को तरिकाले बोल्ने नकारात्मक बोल्ने कुरामा अगाडी बढेका छौं । त्यसो हुनाले

मलाई लाग्छ अहिले हामि एउटा सङ्क्रमण कालमै छौँ जसले जे भनेपनि यहाँको सरकारको जटिलता र अरु सम्स्याहरुलाई पनि मनन गर्नुपर्छ त्यसमा छलफल गर्नुपर्छ । यो सदनले अब प्रदेश सरकारले केहि दिदैछ भन्ने खालको संदेश दिन सक्यौं भने तपाईं हामि सबै अगाडी बढ्न सकिन्छ । यो सरकार बिफल हुने हो र सदनपनि बिफल भयो भने कुनै एउटा मानिस राम्रो बनेर निस्कन सक्ने अवस्था छैन । त्यसकारण यो बिषयमा विपक्षीहरुले पनि ध्यान दिन जरुरि छ । सरकारको कमजोरि केहो भने बिकास भनेको जबसम्म जनताले आफुमा लिदैन हामिले बिकास गरेको केहिपनि अर्थ हुँदैन रहेछ । मैले भारतको दिल्लीलाई देखेको छु  कांग्रेसले त्यहाँ दुईचोटि प्रदेश सरकार चलायो दिल्लीको पुरै अनुहार चेन्ज गऱ्यो त्यहाँ ठुलाठुला आकासे पूलहरु बनायो त्यहाँ मेट्रो चलायो र धेरै कुराहरु गऱ्यो । तर त्यसलाई जनतामा लैजान सकेन जनताले त्यसलाई अपनत्व गर्न सकेन । पछि एउटा त्यहि सरकारले बनाएको खानेपानि र त्यहि सरकारले बनाएको बिजुलिमा केजिवालले आम आद्मी पार्टिले त्यसैको मुल्य कमगर्ने एउटा आन्दोलन गऱ्यो हिजोको सरकार चलाउनेहरुमा तिनचार जना बाहेक अरुले धरौटिपनि बचाउन सकेनन् त्यो खालको स्थिति हुन्छ त्यसो हुनाले सरकारले बनाउने हरेक कार्यक्रम हरेक योजनामा जनताको सहभागिता र जनताको मन छुने ढङ्गले लैजान सरुरि छ त्यसमा सरकार गम्भीर हुनु जरुरि छ । र मैले कञ्चनपूर कैलालीको सबैभन्दा ठुलो डडेलधुराको जोगबुडा अहिले पचासौ बर्षदेखि मान्छेहरु बसिरहेका छन उनिहरुका तिनचार पुस्ता त्यहिँ जन्मे र त्यो जग्गा अहिलेपनि दर्ता हुन बाँकि छ । केन्द्रिय सरकारले बिधेयक सदनमा ल्याएको छ । संघिय सदनमा बिधेयकमाथि छलफल भइरहेको छ त्समा यहाँका समस्याहरुलाई प्रतिबिम्बीत गर्न सकेको छैन । त्यो बिधेयकमा उतै उतैका कुराहरु बुटबल र काठमाडौंलाइ हेरेर त्यो बिधेयक आएको छ त्यसो हुनाले त्यो बिधेयकलाई जनताको पक्षमा बनाउनका लागी यो सदनको पनि ध्यान जाओस यहाँको सरकारको पनि ध्यान जाओस र त्यो जग्गा दर्तागर्ने प्रक्रियालाई अगाडी बढाउने कुरालाई कम्तीमा यो कृषि संगसंगै हुने कुरामा यो कुरालाई पनि जोड दिन सकेको भए अझ राम्रो हुन्थ्यो भन्ने मलाई लागेको छ र मैले धेरै बर्षदेखि भन्दै आएको छु यो सदनको सुरुवातदेखि भन्दै आएको हूँ कञ्चनपूरमा बिसिष्ट खालको एउटा समस्या छ आरक्ष पिडितको समस्या लामो समय भयो त्यो समस्या समाधान हुन सकेको छैन । गतबर्षको बजेटमा त्यसलाई सम्बोधन गर्ने पर्यत्न गरेको तैपनि त्यो कार्यक्रम लागु भएन अनि यसपाली फेरि बजेटको नीतितथा कार्यक्रममा सबैतिर छुटेको छ त्यहाँ मानविय खालको समस्या छ मान्छेहरु आरक्षको

विचमा  सिबिरका रुपमा बसिरहेका छन त्यो कुरालाई हामिले समेट्न सक्नुपर्छ । किनभने ति जनताको समस्या कसले हेर्छ त्यो ठुलो कुरा होइन,त्यो भिन्ने बिषय होला तर सुदूरपश्चिमका जनताप्रतिको चिन्ता सुदूरपश्चिम प्रदेश सरकारलाई पनि हुनुपर्छ त्यसकारण त्यो बिषयपनि छुटेको छ । ति तमाम बिषयहरुलाई समेट्दै सरकारले यो बजेटलाई जहाँजहँ कमि कमजारि भएका छन सच्याउने कुरामा सरकार लागोस भन्ने भनाई राख्दै यो बजेटप्रति समर्थन जनाउँदै आफ्ना भनाईहरु यहि टुङ्ग्याउछु धन्यबाद ।

**मा० कुलविर चौधरी** :- माननीय  ज्यु ,२०७६/०७७ को बजेटमाथि छलफल निष्कर्ष सुझाव र आफ्ना भनाइहरु राख्दै आएको आज हाम्रो तेस्रो दिन हो । र खासगरि मैले भन्नुपर्दाखेरि मेरो आफ्नो सुझाव त के हुन्थ्यो र मेरो अलिकति सुझाव भन्नुस या जे सुकै भन्नुस तर मेरो गुनासो छ हामि यो सदनमा यो सरकारमा एउटा प्रदेश सभाको सदस्यको हैषियतले निर्वाचित भईसकेपछि जनताले हमिहरुलाई यो ठाउँमा पठाइसकेपछि यहाँका जनताको बिषयमा केहि कुरा यहाँका समस्याहरुको कहि समाधान खोज्नुहोला भनेर हामिलाई निर्वाचित गरेर पठाईसकेपछि हामि यहाँ आईसकेपछि हामिलाई के लागिरहेको भने त्यो जनताले गरेको माग यहाँ सम्बोधन हुन सक्दैन भने हामि यो सदनमा आएर यो सरकारमा आएर भत्ता मात्र खाएर भत्ता पचाउन मात्र आएको जस्तो मलाई महशुस भएको छ । त्यसो भएको हुनाले जहाँसम्म हुन्छ यो रातो किताबमा योजना प्रकाशित भइसकेपछि त्यो रातो किताबलाई जतिपल्ट पल्टाउँदाखेरि पनि मेरो क्षेत्रमा खासै बजेट नपरेको देखियो । हामिले जनताको सम्बोधन कसरि माग गर्ने र हाम्रो माग भनेको केहो यो सरकार बुझ्नुपर्ने हो कि होइन हामि त्यसै आफ्नो लागी आफ्नो घरको माग गर्न अएका होइनौं । त्यहाँका समस्या समाधान गर्न भनेर पुर्ण रुपले नभएपनि  केहि न केहि समस्या समाधान होस भनेर हामि प्रदेश सरकारको सदस्यको हैशियतले हामि सदनमा उपस्थित भएका हौं । जनताले माग गरेका योजनाहरु यहाँ सम्बोधन हुनुपर्छ भन्ने मेरो भनाई हो । त्यसैले हामि स्कुलमा पढ्दाखेरि गुरुहरुले भन्नुहुन्थ्यो दौडमा भाग लिँदाखेरि पछि फर्केर हेर्नुहुँदैन अगाडी मात्र हेर्नुपर्छ त्यपछि मात्र विजय हुन्छ । त्यस्तैगरि दौडमा भाग लिने खेलाडीहरु धेरै हुन्छन् पहिलो,दोस्रो,तेस्रो,चौथौ गरि धेरै होलान् तर त्यहाँनेर के देखियो भने यो बजेटलाईं हेर्दाखेरि पहिलो,दोस्रो,तेस्रो,चौथो देखि सातौं सम्मकोले केहिकेहि पाएको जस्तो देखियो त्यसपछिको लागी त भएपनि हुन्छ नभएपनि केहि छैन भन्ने देखियो त्यसैले हाम्रो जातिमा एउटा उखान छ , लाभारिस भनिन्छ यदि त्यो बच्चाको स्याहार सुसार गर्ने मान्छे कोहि छैन त्यो एउटा परिवारमा

मिस्सिन आयो भने एउटा छोराको स्विकारेर त्यसको पालन पोषण बिहेबारि गर्ने अनि उ घर छुट्टिनेबेला त्यसलाई दिनेबला चाहिँ त्यसलाई त दिएपनि हुन्छ नदिएपनि हुन्छ भने जस्तो हामि जतिपनि यहाँ छौं सबैलाई समान हिसाबले सम्बोधन होस् भन्ने हिसाबले यहाँ उपस्थित भएका हौं त्यसैले धेरैथोरै जे भएपनि अगामी बजेट पास होस र सबैको मागहरुको पुर्ति होस साथै अघि हम्रा माननीयज्युहरुले पनि धेरैकुरा राखिसक्नु भएको छ । र म हाम्रो बञ्चनपूर जिल्लामा सुकुम्बासि समस्या र आरक्ष विस्तारका समस्याहरु छन । त्यो बिषयमा पनि पटक पटक यो सदनमा कुरा उठिसकेको छ र त्यसको व्यवस्थापन कसरि गर्न सकिन्छ त्यतापर्फ ध्यान जाओस र यो प्रदेशको गौरवका योजनाहरु भध्ये धेरै योजनाहरु होलान तर बेलौरि क्षेत्रमा पर्ने बेलौरि कलुवापूर सडक पनि प्रदेश गौरबको योजनामा परेको हुनाले त्यो बेलौरि सडक हाम्रा बाजेको पालादेखि सुन्दै आएका छौं त्यसको लम्बाई बढाएर नायल बुडर सम्म पनि भनिएको छ त्यसमा बजेट चाहिँ ३ करोड रुपयाँ परेको छ भनिसकेपछि अब बेलौरि कलुवापूर सम्म त तिन पुश्तापनि बितिसक्यो अब झन लम्बाई बढाउँदाखेरि कति पुश्ता बित्ने हो । यसको कार्यान्वयन र विस्तार चाँडै होस र यसैसंग जोडिएको हाम्रो यो भारसंग पनि जाडिएको सडक भएको नाताले यो नाकामा बेलौरि भन्सार पनि पर्छ त्यो भन्सारलाई पनि बिस्तार गर्नतिर लागियोस यो सरकारले पहल गरोस यो बजेट सन्तुलित हिसाबले वितरण होस र सर्ब सहमतिले पास होस भन्ने भनाई राख्दै बिदा हुन्छ धन्यबाद ।

**मा०प्रेम प्रकाश भट्ट** :- माननीय महोदय, हामि २०७६/०७७ को बजेटमाथि छलफल गर्न गइराखेका छौं र यो बजेट आएको १ महिना छलफल हुन गइराखेको छ प्रतिपक्ष दलले लोकतन्त्रको अभ्यास गरेको हुनाले लोकतन्त्रको अभ्यासलाइ जुन हिसाबले प्रतिपक्षलाई पनि साथमा लिएर हिड्नुपर्छ मान्यता अनुसार यो सदन चालु गर्नका लागी जुन प्रयास गर्‍यो त्यसका लागी म सरकारलाई भन्यबाद दिन चाहान्छु । थुप्रै कुराहरुपनि उठे लोकतन्त्रको जसले ब्याख्या गरिराखेको हुन्छ त्यहि लोकतन्त्रलाई कसरि निर्मुल पार्ने भन्नेतिर लागिराखेको जस्तो लाग्छ । र खास गरेर सरकारले ल्याएको रातो किताबमा जुन भद्र सहमति भएको छ त्यो सहमतिमा अब कुन ठुला प्रोजेक्टहरुले ठाउँ पाउँछ त्यसलाई जुन किसिमबाट बितरणमुखि भनिएको छ वहाँहरुले लिने भनेका बितरणमुखि हुनेहुन अथवा यो प्रदेशलाई अगाडी बढाउने ठुला प्रोजेक्टहरुलाई अगाडी सार्ने हुन जुन भद्र सहमति भएको छ त्यो भोलि योजनामा देखिनेछ भन्न चाहान्छु । एकातिर बजेट बितरणमुखि भयो भन्ने र अर्कोतिर हाम्रा योजनाहरु परेनन् भन्ने किसिमबाट

हामि जाने हो भने त्यो भद्रताको अर्थ छैन जस्तो लाग्छ । र अर्को यहाँ उठिराखेको छ २५ र१४ को कुरा २५ जना भन्नाले हम्रो सरकार त २ तिहाईको छ पार्टिभित्र बिभिन्न बैठकहरु बस्लान त्यहाँ हस्ताक्षर गर्लान त्यो अलगै कुरा हो सरकारले ल्याएको बजेटमा त्यस्तो कुरा बोलेका छ जस्तो लाग्दैन दलभित्रका कुराहरु हुनसक्छन र त्यहाँ यो सरकारलाई प्रतिपक्षले जुन ढङ्गले लिएको छ हामिले भनेका कुराहरुलाई नैतिक समर्थनका कुराहरु कसैले कहिँपनि नैतिक समर्थन गरको छ जस्तो लाग्दैन  अर्काको घरमा के चलिरहेको छ भनेर चियाएर हेर्नु त्यो प्रतिपक्षको धर्म हो जस्तो मलाई लाग्दैन । हामिले के भनेका थियौं भने यो सरकारले जुन किसिमबाट बजेट ल्याएको छ लोकप्रिय बजेट ल्याएको छ अघिल्लो सालको भन्दा सुदृढ हुँदै गइराखेको छ । कतिपय कार्यालयहरु बनेका थिएनन  अ बति कार्यालयहरु बनेका छन र कतिपय ठाउएमा माग गर्ने ठाउँहरु थिएनन अहिले सांसदका मात्र होइन जनताका योजनाहरु पनि आएका छन किनभने प्रत्येक ठाउँबाट प्रत्येक कार्यालयहरुमा निवेदन दिन लगाएको छ  ति निवेदन दिएका योजनाहरुबाट योजना बैंक बनेको छ । कतिपय नपुगेका होलान अझैपनि जनताले सुचना नपाएका होलान अघिल्लो सालको भन्दा लोकप्रिय भएको छ भन्ने लाग्छ पहिलो सालको बजेट देखेर यो प्रदेश  सरकासंग बजेट नै छैन केहिपनि गर्न सक्दैन भन्ने लागेको थियो ०७५/०७६ को बजेटले केहि सडकहरु बनेका छन,  केहि पूलहरु बनेका छन, केहि ठाउँमा सिंचाई बनेको छ, खानेपानि बनेका छन । त्यो किसिमले पनि ए प्रदेश सरकारले केहि गर्दोरहेछ भन्ने आशा पलाएको छ । त्यतिमात्र होइन प्रदेश सरकारले बनाएका सडकहरु हिजो जिल्ला बिकासले अथवा गाउँपालिकाले बनाएका भन्दा फरक छन कमसेकम ७ मिटर चौडा सडक बनाएका छन र कतिपय ठाउँमा खानेपानि नपुगेको ठाउँमा खानेपानी बनाएको छ । केन्द्र सरकारबाट डेढ लाख दुई गरेर क्रमागत रुपमा योजना आउँथ्यो केहि नभएपनि ५० ६० लाख योजनाहरु एकै बर्षमा सक्किने खालका योजनाहरु छन । र एकजना माननीयज्युले कुरा उठाउनु भएको थियो मेरो निर्वाचन क्षेत्रमा सिगास गुने खानेपानिमा त्यहाँ मुलै छैन त्यहाँ दुईओटा बस्तीको लागी ३० लाखको बजेटमा खानेपानि सम्पन्न भएको छ । अझपनि त्यो क्रमागतमा अगाडी बढाउने भनेको छ मुलै नभएको भए त्यहाँ खानेपानि कसरि बन्यो कसरि सम्झौता भयो कसैले भनेको आधारमा चिट दिएको आधारमा त्यो कुरा भन्नु त्यति तर्कपुर्ण हुँदैन जस्तो लाग्छ । र कुनैपनि कुरा उठाउँदाखेरि त्यसको सत्य तथ्य बुझेर उठाउनुपर्छ जस्तो मलाई लाग्छ र यो बजेटलाई छिटोभन्दा छिटो कसरि पास गर्न  सकिन्छ त्यतातिर ध्यान दिन जरुरि छ र यसले थुप्रै नयाँ

कार्यक्रमहरु पनि ल्याएको छ । जस्तै प्रतेक पालिकामा एउटा कृषि कार्यक्रम मुख्यमन्त्रि कृषि कार्यक्रम ५० लाखको भनेको छ जसका लागी ४४ करोड बजेट बिनियोजन गरेको छ । त्यस्तै गरेर ९ओटा सडकहरुलाई  प्रदेशको गौरवको योजनामा राखेको छ जसका लागी ४२ करोड बजेट बिनियोजन गरेको छ । एउटा पालिकामा एउटा स्वास्थ्यचौकिलाई ५ लाखको दरले बजेट तोकेको छ त्यो पनि एउटा हम्रो स्वास्थ्य क्षेत्रमा गाउँपालिकाले पुगाउन नसकेका ठाउँमा त्यो पनि पुगाएको छ हिजोका कतिपय कार्यक्रमहरु पनि यसले दिने भनेको छ सायद निरन्तरताको नाम यहाँ राख्न छुटेको होला जस्तै दसरथ चन्द छात्रवृति,द्वारिका ठकुरानि महिला शसक्तिकरणका कामहरु त्यसलाई निरन्तरता दिने भनेर समेटेको छ र त्यसलाई एउटा बार्यविधि बनाएर ति नामहरु राखेर निरन्तरता दिने र अझ कार्यविधिमा के सच्याउनुपर्छ छलफल गरेर त्यस किसिमबाट जानेछ भन्ने भन्ने कुरा म राख्न चाहान्छु बजेटको बारेमा फेरि छलफल गर्दाखेरि रातो किताबमा मात्रै होइन मन्त्रालयका किताबहरुपनि बिषयगत रुपमा आउनुपर्छ र यसमा पनि छलफल हुनुपर्छ जस्तो लाग्छ । यो रातो किताबमा मात्रै  भयो अझ मन्त्रालय अन्तरर्गतका किताबहरुलाई छिटो ल्याएर त्यसलाई पनि सभामुखमार्फत छलफलमा लगियोस भन्न चाहान्छु । र मुलतः यो बजेट सुदूरपश्चिम बासिको आशा र भरोसा रहेको छ र जुन एउटा खालको संघियतालाई कार्यान्वयन गर्ने खालको बजेट आएको छ यो भन्दा अलग्गै खालको बजेट कस्तो आउनुपर्थ्यो त्यो कुरा पनि राखेको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ र अर्को हामिले जुन किसिमबाट यो लोकतन्त्रको दुहाई दिईराखेका छौँ हामि अहिंसाबादि हौँ भनिराखेका छौँ त्यो हुँदाखेरि २०५८ सालको सम्झना आउँछ जतिबेला पुरा सदनलाई पनि बिगठन गरेर संकटकाल थुपारेको थियो त्यतिबेला वहाँले १७ हजारको ज्यान जानेगरि थुर्पे नेताहरुको टउकाको मुल्य तोृकेको थियो त्यतिबेला सम्झना वहाँहरुलाई आउँछ कि आउँदैन के त्यो लोकतन्त्रका लागी गरिएको थियो र के त्यो लोकतन्त्रका ठेकेदार हौँ भन्ने साथिहरुले त्यो लडाईँमा त्यो न्यायपुर्ण लडाईँलाई दबाउनको लागी थियो त्यो कुरापनि स्मरण गर्नुहोस भन्दै बिदा हुन्छ धन्यबाद ।

**मा० अमर बहादुर साउँद** :- माननीय  महोदय,ज्युको अनुमतिले बिषयान्तर गर्न चाहान्छु । सर्बप्रथम बर्षायाम सुरु भईरहँदा हाम्रो प्रदेशका बिभिन्न ठाउँहरुमा बाढि,पहिरो,सडक दुर्घटना डुबान र प्राकृतिक प्रकोपमा परि ज्यान गुमाउनेको सङ्ख्यामा उल्लेख्य बृद्धि भईराखेको छ त्यसको न्युनिकरणको लागी पुर्व सर्तकता अपनाउनु जरुरि छ र चेतनामुलक सन्देश प्रबाह गर्न प्रदेश सरकारसंग माग गर्न चाहान्छु र यहि असार २३ गते घोडाघोडि नगरपालिका वाड नंबर ४

निवासि जला राउतको बाखा चराईरहेको अवस्थामा एक्कासि रुख ढलेर च्यापिएर मृत्यु भएको र त्यसैगरि  गौरिगंगा राजिपूरमा सडक दुर्घटनमा सोहि स्थानमा बस्ने ५० वर्षिय गौरि नेपालीको दुखद मृत्यु भएको छ । ति दुइओटै घटनाका मृतकप्रति हार्दिक समबेदना प्रकट गर्न चाहान्छु र शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना गर्न चाहान्छु । माननीय महोदय, अब म बिषय बस्तुतिर प्रबेश गर्न चाहान्छु । आर्थिक वर्ष २०७६/०७७ को बजेट सैद्धान्तिक हिसाबले राम्रो देखिएको छ तर विनियोजनका हिसाबले एकदम असन्तुलित भएको व्यहोरा म सरकारलाई आफ्नो धारणा व्यक्त गर्न चाहान्छु । त्यसैले म नैतिकताका आधारमा यो बजेटको समर्थन गर्दे र यो बजेट पास गर्नका लागी पनि यो सदनमा मेरो व्यक्तिगत तर्फबाट म आग्रह गर्न चाहान्छु ।  माननीय  महोदय , संविधान सभाको पहिलो र दोस्रो बैठकले २०७२ को संविधान बनाईरहँदा जुन देशभरिका सातओटै प्रदेशका निर्वाचन क्षेत्र निर्धारण गरिरहँदा जुन आधारमा निर्धारण गऱ्यो त्यो भुगोल र जनसङ्ख्याका आधारमा नै निर्धारण गरेको व्यहोरा हामि सबैलाई अवगत छ । र हाम्रो प्रदेश सरकारले जुन २०७२ को संबिधानको मुल मर्म अनुसार समानुपातिक र न्यायोचित हिसाबले वितरण गर्न नसकेको कुरा सम्पुर्ण माननीयज्यु चाहे सत्तापक्ष हुन चाहे प्रतिपक्ष सबैबाट आएको हामिले बुझेकै छौं । त्यसै सन्दर्भमा हाम्रो विशेष गरि प्रतिपक्ष भन्दापनि म सत्तापक्षको माननीय भएपनि हाम्रो काम कर्तव्य र अधिकार हामि सबैलाई थाहा छ त्यसका साथसाथै जनताको आवाज र जनताका आवस्यकतालाई यो सदनमा सरकारबाट बिगत लामो समयसम्म केन्द्रिकृत राज्य प्रणालीबाट बिछडिएका र न्याय नपाएका जनता लोकतन्त्र र संघियता आईसकेपछि कम्तिमा पनि ने.क.पा को दुई तिहाईको सरकार स्थापना भईसकेपछि हामि के हि न केहि राज्यको अनुभुति गर्नको लागी बिजय गराएर चाहे मुख्यमन्त्रि होउन चाहे ५३ जना माननीय होउन सम्पुर्ण आ आफ्नो क्षेत्रका जनताबाट हामि निर्वाचित भईआएको कुरापनि हामि सबै थाहा नै छ । त्यसैले म हाम्रो प्रदेश सरकारलाई प्रश्न गर्न चाहान्छु  निश्चित मन्त्रिज्युहरुको क्षेत्रको विकाश गर्नका लागी मात्रै प्रदेश सरकार बनेको होकि अथवा सम्पुर्ण सुदूरपश्चिम प्रदेशका ३२ओटा निर्वाचन क्षेत्र र ८८ ओटा स्थानिय तहलाई समुचित हिसाबले बजेट विनियोजन गरि ति सबै क्षेत्रहरुलाई समेट्न यो प्रदेश सरकार बनेको हो म यो सरकारलाई प्रश्न गर्न चाहान्छु । म माननीय मन्त्रिज्युलाई पनि प्रश्न गर्न चाहान्छु ,जुन आफ्नो निर्वाचन क्षेत्रको लागीमात्रै मन्त्रि बन्नुभएको होकि ३२ ओटै निर्वाचन क्षेत्र र ८८ ओटा स्थानिय तहको जिम्मेबारि पनि तपाइँहरुमा छ  म प्रश्न गर्न चाहान्छु । र जहाँसम्म

माननीयज्युहरुको योजना मागको विषयमा धेरै चर्चा परिचर्चा भयो त्यसमा हाम्रो बजेट माग्ने र जनताको आवाज सरकार र हाम्रा मन्त्रिज्युहरुलाई अबगत गराउँदा हामिले के ठुलो अपराध र अन्याय गरेका छौँ । जो जति माननीयज्युहरुले यहाँ योजना पेश गरेका छन सायद मलाई लाग्छ कसैले आफ्नो घर बनाउन आफ्नो व्यक्तिगत स्वार्थको लागि बजेट मागेको छैनहोला । मेरो आफ्नो कुरा गर्नुहुन्छ भने मेरो छोरिको उपचारको लागी धेरै पैशा खर्च भयो र मैले कुनैपनि मन्त्रिज्युहरुलाइृ सहयोगको लागी भनेको थिएन । जुन जनताले मलाई मतदान गरेर यो सरकारको उएटा सदस्यको हैशियतले यहाँ पठाएको छ ति जनताहरुले मागेका योजनाहरु मैले प्रदेश सरकारलाई बुझाएको थिए ।त्यसै हामिले ति योजनामाथि बजेट माग्दा कुनैपनि ब्यक्तिगत स्वार्थको लागी कसैले पनि यहाँ प्रस्ताब गरेको छैन होला जस्तो मलाई लाग्छ । जहाँसम्म बजेट दिने सरकार मन्त्रिज्युको तर्फबाट पनि सरकारलाई फेरि प्रश्न गर्न चाहान्छु । जुन बजेटको हामिले माग गरेका छौँ त्यो बजे कसैको पूर्ख्यौलि सम्पत्ति अथवा कसैको व्यक्तिगत सम्पत्तिमा हिस्सा मागेका होइनौं । हामिले त्यहि २०७२ को संविधानले दिएको अधिकार र मौलिक अधिकारको अधारमा जनताको आवस्यकता पुरा गर्नको लागी जनताले तिरेको करबाट आएको जो अहिले प्रदेश सरकारको २८ अर्बको बजेट रकमछ त्यसैबाट माग गरेका हौं अन्यथा हामिले कस्को व्यक्तिगत सम्पत्ति हामिले मागेको होइन यो धारणा मैले राख्नैपर्ने आवस्यकता देखियो जहाँसम्म बजेटको कर्यान्वयन र मेरो क्षेत्रको बजेटको कुरा गर्नुपर्दा मेरो क्षेत्रमा गतवर्ष पनि जम्मा ५ ओटा योजनाहरु परेका थिए यो सदनलाई जानकारि गराउन बाध्य छु बिभिन्न मन्त्रिज्युहरुको क्षेत्रमा १०० भन्दा बढि एउटै आर्थिक बर्षमा बिनियोजन भएका पनि हामिले देखेका छौँ तर मेरो क्षेत्रमा अहिले एउटापसिन योजना थप गरिएको छैन । माननीय रतन थापाले भनेजस्तै १,२,३, नंबरका योजना समाबेस गरिदिनुहोला भनेर सम्बन्धित मन्त्रिज्युलाई लगायत अर्थमन्त्रिज्युलाई भेटेर पनि मैले आफ्नो योजनाको बारेमा अबगत गराएको थिए तर जहाँसम्म लाग्छ कुनैपनि योजना समाबेस नभएर एउटा मात्रै योजना जम्मा २० लाखको योजना माननीय रतन थापाले भनेजस्तै मेरो क्षेत्रमा यो आर्थिक बर्षमा बिनियोजन भएको छ । त्यसैले हामिले यि जे जति कुराहरु यो सदनमा उठायौं तर यो सरकारपक्षको मानीयका हैशियतले नैतिक हिसाबले बालेको कसैलाई अप्ठ्यारो लग्ला र मिडियामा सरकार पक्षका माननीयले नै सरकारको बिरोध गर्‍यो भन्ने कुरा आउँछ त्यसैले अगामि दिनहरुमा हाम्रो प्रदेश सरकारले हामि आज ५ वर्षे जनअधिकार लिएर हामिले जनताको सेवागर्ने भनेर सदनमा उभिइरहँदा यो दुइतिहाईको

सरकारले आकांक्षा र आवस्यकताहरुलाई पुरा गर्ला भन्ने अपेक्षाका साथ अर्थिक वर्ष ०७४/०७५ देखि लिएर अहिलेसम्मको यो बजेटलाई लिएर छलफल भइरहँदा कम्तीमा पनि हाम्रो सरकारले केहि सुधार र बिगतमा भएका कमि कमजोरिहरुलाई सुधार गर्दै आगामि दिनमा अलिकति राम्रो बजेट र जनताको मागलाई सम्बोधन गर्ने र जनताको आवस्यकतालाई पुरा गर्ने खालको बजेट आउला भन्ने हाम्रो अपेक्षा थियो तर आज हाम्रो अधा अवधि सिद्धिँदापनि सरकारको व्यवहार र हाम्रा मन्त्रिन्युहरुको व्यवहार करिब करिब उस्ताको उस्तै १९ को २० नभएको दुखकासाथ हामिले भन्नेपर्ने बाध्यता छ । महोदय,एउटा उखान म यहाँ जोड्न चाहान्छु ,यदि कुनैव्यक्ति आफु सम्मानित हसन चाहान्छ भने अर्काको पनि सम्मान गर्न सिक्नुपर्छ म मेरो दुई तिहाईको सरकार र हाम्रा मन्त्रिज्युहरुलाई भन्न चाहान्छु यदि तपाईहरुले हामि सबै माननीयहरुको यदि तपाईले सम्मान गर्न सक्नुभएन भने तपाइँ कदापि सम्मानित हुनुहुने छैन र यो सम्मानित सदनले र सुदूरपश्चिमका २५ लाख जनताले तपाइँलाई कहिल्यै पनि सम्मान दिने छैन त्यसैले यो उखानको अर्थ बुझ्दै अगामि दिनमा हामिले यो उखानलाई आत्मसाथ गर्नुपर्ने हाम्रो बाध्यात्मक परिस्थिती हो जस्तो मलाई लाग्छ । त्यसैगरि म अर्को एउटा मयुरको सानो कथापनि सुनाउँछु मयुर आफ्नो शरिर हेर्दा कति राम्रा पखेटा कति राम्रो शरिर खुब खुसि हुन्छ नाच्छ रे तर आफ्नो खुट्टा हेर्दा अत्यन्त दुखि हुन्छ रे यो किन जोड्न खोजेभने यसरि बाहिरबाट हेर्दा सबै स्थानिय तहमा ने.क.पा.को बहुमतको सरकार छ तर हाम्रो सबै सरकारका गतिविधिहरु हेर्दा हामि आफैलाइक चित्त बुझेको छैन बाहिर हेर्दा सबैले दुई तिहाईको दम्ब र अन्य थुर्पे कुराहरु यहाँ उठिररहेका छन त्यसैले यिउ सबै कुराहरुलाई आत्मसाथ गर्दे हामिले व्यक्तिगत रुपमा कसैको लिनुदिनु र कस्लाई आक्षेप लगाउन खोजेको होइन यो वास्तविक कुरा हाम्रो सदन अथवा हाम्रो सुदूरपश्चिम प्रदेश सरकारका अहिले सममका गतिविधि र यो ०७६/०७७ को बजेटमाथिको छलफल चलिरहँदा जुन यथार्थ भएको र देखेको कुरा हो त्यो हामिले यहाँ पोखेका हौं यसको गलत अर्थ नलागोस त्यसैले नैतिकताका आधारमा म सत्तापक्षको सदस्य भएका नाताले यो बजेटको पुनः स्वागत र समर्थन गर्दै बिदा हुन चाहान्छु धन्यबाद ।

**मा०देवकी मल्ल (थापा)** :- माननीय महोदय,राणा,राजा,पञ्चायत र कांग्रेसले लुटेर थोत्रो बनाएको यो देशमा आफु हुँदा लोकतन्त्र प्रजातन्त्र असल पक्ष देख्ने अरु हुँदा अध्याँरो कालो देख्ने यो परिबेशमा जनताका आशा र आवस्यकता पुरागर्ने साधनस्रोत धेरै कम भएको अवस्थामा सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको यो बजेटको छलफलको अन्तीम चरणमा छौं । बजेटको

मात्रै कुरा गर्दा बजेटका उद्येश्यहरु र उद्येश्य प्राप्त गर्न प्रक्रियाहरु र ९ ओटै जिल्लामा प्रदेश गौरवका सडकहरु बनाउने कुरा, कञ्चनपूरमा ४ करोडको भैँसि फर्म खोल्ने कुरा दलित र पछाडी परेका नागरिकहरुलाई आयमुलक काममा जुटाउने कुरा ,बाल बिवाहको अन्त्य गर्ने अभियानका कुरा ,प्रदेशभरि ४ ओटा ठुला बिद्युत बनाउने कुरा लगायतका बिषयहरुमा र कृषि मन्त्रालयले ल्याएका ब्लक का कुराहरु, पकेटका कुराहरु यो बजेटका असल पक्ष हुन सुन्दर पक्ष हुन । हुँदाहुँदै पनि केहि क्षेत्रहरुमा असमानुपातिक तरिका जुन हुन गएको छ त्यो बिषयहरुमा सत्तापक्षका सांसदहरु पट्टिका टुक्रिइरहेका कुरालाई पनि मिलाएर लैजानुपर्छ भन्ने रचनात्मक तरिका भएपनि यो सरकारले ल्याएको बजेटको उद्येश्य सुदूरपश्चिमका जनताहरुको पक्षमा छ भन्ने कुरा मलाई लागेको छ त्यसैले म यो बजेटको समर्थन गर्न चाहान्छु । माननीय  महोदय, प्रतिपक्षका सांसदज्युहरुले रातो किताब जलाउनुभयो  मलाई लाग्छ यो रातो किताब जलाउनुमा वहाँहरुको कुनै बुद्धिमानि देखिदैन ।आखिर अहिले आएर भयो होला दुईचार योजनामा सहमति र वहाँहरु सहमतिमा आउनुभएको छ । किताब जलाउनुभन्दा पहिला सहमतिको बाटो खोज्नुपर्दथ्यो वहाँहरुले वहाँहरुले देशभरिका कुराहरु गर्नुहुन्छ,बजेटका कुरा गर्नुहुन्छ ,जंगबहादुर राणाका पालादेखिका कुराहरु गर्नुहुन्छ इतिहास साचि छ सब्का अगाडी छरलङ्ग छ त्यत्तिकै जलाइएको छैन ,त्यत्तिकै रोस्टम फुटाइएको छैन त्यसको एउटा मत्लब अधिकार सुनिस्चित गरिएको छ म समर्थन गर्न चाहान्छु माननीय मान बहादुर धामिले भनेको कुराहरुमा अहिले हामिले यो उपस्थिति त्यो संघर्षले प्राप्त गरेको हो । म सरकारलाई के सुझाव दिन चाहान्छु भने अलिकति व्यक्तिहरुको निर्वाचन क्षेत्रमा मात्रै बढि बजेट जानुले जनताको धारणा सत्तामुखि र पदमुखि हुँदै गइराखेको छ । न्यायोचित वितरण भएन भने आफ्नै जिताएका माननीयहरु मन्त्रि बनाउन पछि लाग्नुपर्ने देखिन्छ जनताले । त्यसैले म सुझाव दिन चाहान्छु छुटेका क्षेत्रहरुमा सरकारले सहि तरिकाले पुनः विचार गरेर मिलाउनु पर्छ ।पटक पटक सरकारले भनिसकेको छ मुख्यमन्त्रि,अर्थमन्त्रिले पटक पटक भनिसकेको छ हामि मिलाउँदै छौँ त्यसैले विश्वास गरौँ । क्षेत्र छुट्ने बित्तिकै सिङ्गो बजेटलाई सिङ्गो कार्यक्रमलाई पनि खाएपछि बोतल फालेजस्तै गर्‍यो भने त्यो काम यो प्रदेशको हितमा हुँदैन । यहाँ दस्तखतका कुराहरु आए आफ्नो दलभित्र आफ्नो पार्टिभित्र आफ्नो मुख्यमन्त्रिलाई आफ्नो सरकारलाई सानो अनुरोध पत्र लेखेर दिँदा त्यसको गलत अर्थ लगाइन्छ यो लोकतन्त्र हो । हो असन्तुस्टिहरु राख्ने नाममा सरकारको असफलतासंग कुरा जोड्ने काम उचित हुँदैन यस्तो काम कसैलेपनि गर्नुहुँदैन जस्तो लाग्दछ । तर अन्त्यमा म  फेरि

के भन्न चाहान्छु भने नपुगेका कुराहरु सरकारले पुगाउने र मिलाउने आँट गर्दछ र सत्तापक्ष र प्रतिपक्ष यो प्रदेशो जुन जिम्मेवारि हाम्रो काँधमा छ एउटै दायित्व एउटै जिम्मेवारि एउटै अभियानमा छौं पटक पटक भन्दै आएका हामि सबै लक्ष्यमा छौं त्यसैले यो बजेटलाई चाँडो भन्दा चाँडो पास गरेर ०७५/०७६ को बजेट भन्दा यो बजेट उत्कृष्ट नयाँ र व्यवस्थित छ हाम्रा क्षेत्रहरुमा परेका योजनाहरुलाई व्यवस्थित तरिकाले  चाँडो भन्दा चाँडो कार्यान्वयनमा लैजाने जनताले खास राहतको अनुभुति गरिराखेको छैन हामिले भनिराखेका छौं छिटोभन्दा छिटो राहत दिने काममा हामिसबै लागौं फेरिपनि म आशा व्यक्त गर्न चाहान्छ सत्तापक्ष वा प्रतिपक्ष समानुपातिक वा प्रत्यक्ष यि जुन बिषयहरु छन यि क्षेत्रहरुमा सबै माननीयज्युहरुको भावनालाई समेटेर सरकारले जुन थप बाड्नुपर्ने बजेट छ त्यो बजेट समानुपातिक तरिकाले बितरण हुनेछ भन्ने आशा गर्दै आफ्ना भनाईहरु अन्त्य गर्छु धन्यबाद ।

**मा० बल वहादुर सोडारी** :- माननीय  महोदय,हाम्रा थुर्पै साथिहरुले आसाढ १ गते प्रश्तुत भएको आर्थिक वर्ष २०७६/०७७ को राजस्व तथा व्यय अनुमान बजेटमाथि बोलिसक्नु भएको छ र प्रतिपक्षले ५ गते जलाएको रातो किताबको सबालमा पनि धेरै साथिहरुले पक्ष प्रतिपक्ष भएर कसैले हामिले ठिक गऱ्यौं प्रजातन्त्रमा यस्तो गर्न पाईन्छ भन्ने ढङ्गले वकालत गर्नुभयो भने कति साथिहरुले आपत्ति पनि जनाउनु भयो त्यतापट्टि म जान चाहान्न आपत्ति भद्र सहमति गर्ने सरकारले जनाओस र हाम्रा केहि साथिहरुले जनाए म पनि त्यहि सरकारको पक्षमा भएको हुनाले कति सम्म त्यो भन्न सकिन्छ म त्यतापट्टि जान चाहान्न ।  महोदय हामि जो २५ र१४ जना भनेर छुट्याईएको छ  हामि २५र१४ सल्लाह गरेर भएका होइनौं हामिले हाम्रा सत्तापक्षका संसदिय दलका नेता माननीय तारा लामा र माननीय अक्कल रावल दुईजनालाई मात्रै अधिकार दिएका होइनौं ८ गते सदन बहिस्कार भएपछि हामि सबै सत्तापक्षका सांसदहरु बसेर हामिले सल्लाह गरेर गतवर्ष पनि ल डल्लो बजेटबाट केहि तपाईहरुका योजनाहरु समेट्छौं भन्ने धारणाका साथ र हाम्रा मन्त्रिज्युहरुका सुझाव र सल्लाहका साथ हामि बस्दा हाम्रा योजनाहरु समाबेश भएनन यतिबेला पनि   त्यहि भएको हुनाले हामिले लिखित रुपमा दिनुपर्छ साथिहरु तर यो गोप्य रहनुपर्छ हाम्रो यो भन्दा अगाडीका धेरै योजनाहरु लिखित दिएका योजनाहरु गोप्य छन र यो प्रतिपक्षलाई सरकारका मन्त्रिले भन्नुपर्ने र पत्रकारहरुलाई भन्नुपर्ने त्यसभित्रका सथिहरुले यस्तो भएको होईन त्यो २५ जनाभित्रको तेस्रो नंबरमा सहि गर्ने म पनि हो  मैले पढेर नै सहि गरेको छु न त्यहाँ सरकारका मुख्यमन्त्रिको बिरोध गरेको छ न अर्थमन्त्रिको को बिरोध

गरेको छ न भौतिक योजनामन्त्रिको बिरोध गरेको छ न यो बजेटको बिरोध गरेको छ ।यो बजेटको सिद्धान्तको पनि हामिले बिरो गरेका छैनौँ तर हाम्रा योजनाहरु समानुपातिक र सन्तुलित भएनन् र यसका बिषयमा हामिले बोल्नुपर्छ मन्त्रिज्युहरुलाई भन्नुपर्छ भन्ने ढङ्गले हामिले २५ जनाले सहमति गरेका हौँ । त्यसपछि हाम्रा मुख्यमन्त्रिज्युसंग पनि हाम्रो कुरा भयो र अब हामि के भन्न चाहान्छौँ भने मन्त्रिज्युहरु र मुख्यमन्त्रिज्युले हामिलाई सुझाव दिएको छ हामिले कांग्रेससंग भद्र सहमति गरिसक्यौँ कांग्रेससंग भएको भद्र सहमति के हो हामिलाई थाहा छैन वहाँहरुलाई थाहा होला तर सत्तापक्षका साथिहरु तपाइँहरु आउनुहोस तपाइँहरुलाई काखा पाखा गरिने छैन तपाइँहरुका योजनाहरु सन्तुलित ढङ्गले समेटिने छन भनेर वहाँले बोल्नुभएको छ हामिले विश्वास गरेका छौँ यस टिक पनि हामि विश्वास गर्छौं । जस्तै मैले त्यसमा दस्तखत गर्नुका कारणहरु मेरो आफ्नै छन र अरु साथिहरुका आफ्नै होलान जस्तै मेरो निर्वाचन क्षेत्रमा कुन ठाउँमा मैले योजनाको सिफारिस गरेको छु कुन ठाउँमा बजेट आवश्यक छ भन्ने कुरा मलाई थाहा छ र मन्त्रिज्युले देख्नुभएको छैन मेरो क्षेत्र कोहि हाम्रा भुमिगत साथिहरुले गएको र थाहा पाएको होला मेरो निर्वाचन क्षेत्र ढकारि गा.पा.एउटा वडामा घुम्न तिन दिन लाग्छ अहिले सम्म सडक गएको छैन त्यस्तो ठाउँका योजनाहरु उपेक्षित गरिने मेरो गाउँमा १करोडभन्दा माथि योजनाहरु गएका छन मैले मेरो गाउँमा मात्रै चुनाब लडेको होर तिनओटा गा.पा.हरुको मत पाएको हुँ त्यसैले मेरो सल्लाह र सहमति बिना कुनै योजना परेका छन भने त्यसका लागी मैले बिरोध गरेको हुँ बाँकि योजनाहरु समेटिनुपर्छ थप योजनाहरुपनि हामिले मुख्यमन्त्रिको सल्लाह अनुसार दिएका छौँ र हाम्रो एउटामात्र भनाई के छ भने हाम्रा सांसदहरुले यो सरकार गिराउनका लागी २५ जनाको हस्ताक्षर होइन हामिले सन्तुलित र समानुपातिक ढङ्गको बजेट जानुपर्छ र बर्षौं बर्ष एउटै काम सरकारले गर्नुहुँदैन भन्न खोजेका हौँ हामिले ।हामि नीति निर्माण कर्ता हौँ भन्ने ढङ्ले मात्रै तपाइँहरुले राखिदिनु भएन वहाँ जन निर्वाचित व्यक्ति भएको हुनाले वहाँसंग जनताको प्रतक्ष्य सरोकारको बिषय जोडिएको हुनाले जनताका आवश्यकताहरुलाइ लिएर आउनु भएको हो वहाँहरुका भनाईहरु हामिले समेट्नुपर्छ भन्ने ढङ्गले वहााहरुले काम गर्नुपर्छ र यो मन्त्रिपरिषदले काम गर्नुपर्छ भन्ने हाम्रो माग हो ।त्यसै हामिले धेरैकुरा नभनिकन अन्तमा यो सरकारसंग के भन्न चाहान्छु भने मुख्यमन्त्रि लगायत तपाइँहरुले दिनुभएका जुन सुझावहरु छन ति सुझावहरुमा हामिले दिएका योजनाहरु समेटिनुपर्छ भौतिक मन्त्रालयको जुन ० बजेट छ त्यसमा पनि उल्लेख हुनुपर्छ भन्दै यो बजेट छिटो पास होस भन्न चाहान्छु धन्यबाद

।

**मा०लिलाधर भट्ट** :- माननीय महोदय,हामि २०७६/०७७ को बजेटको छलफमा छौँ लामो समयको प्रतिक्षापछि सुदूरपश्चिमका जनताले यो बजेटमा छलफल गर्ने मौका पाएको छ । संसद किन अवरुद्ध भयो ररयसको उद्येश्य के थियो भन्ने कुरा छर्लङ्ग भएको छ मैले अहिले त्यतातिर जान चाहेन । सर्बप्रथम यो सरकारले ल्याएको बजेट र संघियता कार्यान्वयन भइसकेपछिको एउटा आंशिक र अर्को पुर्ण बजेटको रुपमा जो बजेट आएको छ यो साच्चिकै सुधारोन्मुख छ । यसले संघियता कार्यान्वयन भएको मुलुकमा छोटो समयमा नै आफ्ना संरचनाहरु निर्माण गर्दै आफ्नो बिकासलाई कार्यान्वयन गर्दैजाँदा आफ्ना कमि कमजोरिलाई सच्याउँदै अबका दिनहरुमा दृढसङ्कल्पका साथ बिकाश निर्माणलाई अगाडी बढाउने उद्येश्यका साथ बजेट पेश भएको मैले पाएको छु । एउटा गिलासमा पानि हुँदा पानी भरिएको छ या आधा छ भन्ने आ आफ्ना तर्कहरु हुनसक्छन । यहाँ बजेटको बारेमा कुरा हुँदा मैले देख्छु समग्र बजेटमा हाम्रो ध्यान गयो कि गएन आज २५ प्रतिशतको बारेमा हामि छलफल गरिरहेका छौँ समग्र बजेटको छलफल गऱ्यौं भनेर जनातालाई ढाँट्दै छौँ । २७,२८ अर्बको बजेटमा छलफल हुनुपर्ने सत्तापक्ष र प्रतिपक्षका माननीयज्युहरुले पनि ६ अर्बको बारेमा मात्रै छलफल गरेको म देख्दैछु कुनै मन्त्रालय विशेषको हामि कहाँ छौँ हामि केमा छलफल गर्दैछौँ किनकि हामि एकातिर सुशासन बिधेयकको कुरा गर्दैछौँ र अर्कातिर ल्याएको बिधेयकलाई ठिक होइन भन्ने तरिकाले जानेपनि हामि नै छौँ । त्यसैले हामिले गरिरहेका कुराहरु सकारात्मक छन हामिले गम्भीर भएर हेर्नुपर्नेछ । हो आज धेरै बिबादका कुरापनि उठेका छन तर त्यो भन्दा पहिले सकारात्मक कुरा के छन हामि सकारात्मक भएर सोच्ने हो भने हिजो संघिय सरकारमा हुँदा सिटामोल पनि गाउँसम्म पुगाउन नसक्ने र गाउँका गाउँमा मान्छे बिरामि हुँदा ध्यान सम्म नपुगाउने मित्रहरु आज सेति महाकाली अस्पत्तालमा १२ करोड भन्दा बढि रकम बिनियोजित हुँदा, पहाडका ६ जिल्लामा १७ करोड रकम बिनियोजित हुँदा सरकारले गरेको काम देख्न सक्नुभएन ।आज पहाडि जिल्लाहरुका अस्तत्तालमा एम्बुलेन्सको व्यवस्था गरेको सरकारको काम देख्नसक्नु भएन यहाँ दुर्घटनामा परेका जनताहरुलाई हेलिकप्टरमार्फत ल्याएको देख्नुभएन र कार्याक्रममा निरन्तरता भएको देख्नसक्नु भएन प्रदेश गौरवका योजना जो आज ५ करोडका भनिएका छन सथिहरुले देख्नुभएन ३०,३५करोडको टेन्डर हो क्रमिक रुपमा पैषा निकास भईराखेको पैषा हो त्यो जनतालाई टेन्डर ३०,३५करोडका भएका छन चाहे त्यो खप्तडको होस चाहे अरु राजमार्गका कुरा होउन त्यो पनि

हेरिहाल्नुहोस हामिमात्रै भन्ने नसोच्नुहोस । प्रत्येक पालिकामा २ जना प्राविधिकका दरले १७६ जना दलित जनजाति हरुलाई छात्रवृति दिईने  हाम्रो प्रदेशमा एम.वि.वि.एसको लागी पढाई हुने र छात्रवृति दिइने र प्रत्येक निर्वाचन क्षेत्रमा २ वटा उद्योगहरु सञ्चालन गरिने,प्रत्येक निर्वाचन क्षेत्रहरुमा जडिबुटि संरक्षण र उद्यमहरुलाई अगाडी बढाउने , प्रत्येक पालिकामा मुख्यमन्त्रि एकिकृत कार्यक्रम सञ्चालन गरिने ,प्रत्येक पालिकाका क्याम्पसहरुलाई सहयोग गर्ने जस्ता लोकप्रिय कार्यक्रमहरु हुँदा किन त्यति आत्तिएको हामिले देखेका छौँ ।प्रतिपक्षका माननीयज्युहरुले कुरा उठाउनुभयो कुनै खोलामा पानि नै थिएन त्यहाँ पूल बन्यो रे १ करोड लाग्ने ठाउँमा ४० लाख भयो रे त्यो अनुमानित बजेट हो भनेर तपाई हामि सबैले जानेका छौँ ।  अनुमानित बजेट १ करोड हाल्दा ५लाखमात्र खर्च भएर ९५ लाख फिर्ता जान्छ त्यो प्लानिङमा त्रुटि थियो भन्ने कुरा उठाउनु ठिक हो तर १ करोड रकम गएको थियो ४७ लाखयोजना बन्यो अरु ५३ लाख भ्रष्टाचार भयो भन्ने फजुल कुरा नगर्नुस किनभने अरुलेपनि राजनीति बुझेका छन । भ्रष्टाचार भएको छ भने हामि स्वागत गर्छौं तपाइँ संसदमा ल्याउनुहोस कुनै सिंचाईको कुलोमा ५० लाख थियो २० लाखमा सम्पन्न भएको हो र ५० लाख भुक्तानि दिएको हो भने स्वागत गर्छौं लेखा समितिको सभापति बनाएका छौँ त्यसका बिल भौचरहरु छानबिन गर्नुस छनबिन समिति बनाउनुहोस न्यायको कठघरामा उभ्याउनुहोस भ्रष्टाचारिलाई कारवाहि गर्नुहोस । तर ५० लाख बिनियोजित गरिएको थियो २० लाखमा बन्यो ३० लाख किन खर्च भएन भन्ने चिन्ता हो कि ३० लाख रुपयाँ बढि भुक्तानि दियो भन्ने चिन्ता हो स्पष्ट पार्नुहोस । किनभने अनुमानित बजेट हिजो हामिले देखेका थियौँ मेरो जिल्लामा १ अरबको लागी सडकका रुपमा तपाईको पालामा कुनै योजना आएको थियो भने १० लाख पनि खर्च नहुँदा ९० करोड तपाइँहरुले के भ्रष्टाचार गर्नुभाथ्यो । महाकालि कोरिडोरको काम हुँदा ५० करोड रकम बिनियोजित हुँदा एक करोड पनि खर्च गर्नुभएको थिएन के तपाइँहरुले ४९ करोड भ्रष्टाचार गर्नुभएको थियो । पैषा बिनियोजित हुनेबित्तिकै खर्च गरेर लग्यो भन्ने कुरा राजनीतिक कुरा हो । माननीय मित्रहरुलाई मैले सरकारले गरेका राम्रा कामहरु अहिले बजेटको कुरा उठाउनुभयो भ्रष्टाचार भयो रे कुरा उठाउनुभयो बिषादि आयो रे भ्रष्टाचार हुँदा अख्तियार दुरुपयोग अनुसन्धान अयोगमा आयुक्त नियुक्ति गर्ने व्यक्तिलाई कुन सरकारले कारवाहि गऱ्यो । हिजो बिषादि ल्याउने बश्व व्यापार संगठनमा सदस्य भएर नेपालमा बिषादियुक्त खाद्य पदार्थ ल्याउने भनेर सिग्नेचर गर्ने सिग्नेचर कर्ता को हुन  र यो सरकारले बिषादि गर्नुपर्छ भनेको थियो त्यसलाई फिर्ता लिएको छ अझैपनि म आग्रह गर्न

चाहान्छु  कृषि मन्त्रिज्यु यहाँ हुनुहुन्छ १ नंबर प्रदेशको कृषिमन्त्रिज्युले तत्कालै त्यो प्रबिधिक मगाएर बिषादि परिक्षण गर्ने काम सुरु गरेको छ हाम्रो सरकारले पनि नाका नाकामा बिषादि परिक्षण गर्ने काम तत्कालै सुरु गरोस म सुझाव दिन चाहान्छु । यसका साथसाथै मुख्यमन्त्रि स्वयमसेवक कार्यदेखि अधिकतम क्रमागत योजनाहरुलाई निरन्तरता दिएको छ र हामि के भन्दै छौँ अहिले गत सालको भन्दा अझै खराब भयो भन्ने पनि केहि साथिहरुको गुनासो मैले भन्न चाहान्छु ,हिजो हामिले अनुमानित रुपमा कुनै पूलमा बढि पैषा राख्यौँ ,खानेपानिमा बढि पैषा राख्यौँ यो ठिक भएन भन्ने पनि यहि सदनमा कुरा उठ्छ तर अहिले प्राबिधिक डि.पि.आर तयार गरिसकेपछि किताबमा भएका योजनाहरुको अध्ययन गरिसकेपछि त्यसमा आवश्यक रकमलाई बिनियोजित गर्ने भनेर प्रत्येक जिल्लामा ५,७,१०,१५करोड गरेर रकम राखिँदा  त्यसलाई अनसिन बजेट भयो भन्ने साथिहरुले हिजो डि.पि.आर नहुन्जेलसम्म जबसम्म मास्टर प्लान हुँदैन तबसम्म रकम बिनियोजित गर्नुपर्छ भन्ने यहि सम्मानित सदनमा कुरा उठाएका होइनन । हामि आफ्नै कूरामा अन्तर बिरोधमा हामि जाने हा भने भोलि यसले हामिलाई सकारात्मक दिशातिर होइन नकारात्मक परिणाम उठाउने हामि देख्छौँ । अनुदानका कुरा उठाउन आज २५० करोड अनुदान दियो भन्ने कुरापनि यो सदनमा कुरा उठ्यो । हिजो कृषकलाई अनुदान दिनुपर्छ,व्यापारिलाई अनुदान दिनुपर्छ, उद्योगिलाई अनुदान दिनुपर्छ भन्ने सथिहरु सरकारले कृषकहरुलाई अनुदान दिने,उद्योगिहरुलाई अनुदान दिने र अन्य व्यबसायिहरुलाई अनुदान दिने कार्यक्रम राख्दा तपाईहरुको टाउको दुख्नु स्वभाविक हो किनभने सत्तापक्षले त्यो काम गरिरहेको छ भन्ने कुरा स्वभाविक रुपमा तपाईहरुले चिन्ता व्यक्त गर्नु स्वभाबिक पनि हो । अर्थविपतमा ७५० करोडको कुरा उठाउनुभएको छ त्यसको बारेमा तपाईहरुले उठाएका कुराहरु किनभने लोकतन्त्रमा जबजब प्रतिपक्ष धेरै चिडिन्छ त्यतिबेला सरकार राम्रो काम गरिरहेको छ भन्ने कुरा बुझ्नुपर्छ भन्ने कुरा राजनीतिमा पनि लेखिएको हुनाले त्यसलाई हामिले अन्यथा मान्दैनौँ । र तिनपुश्ते अैलानिको कुरा मैले माननीय सभामुखज्यु मार्फत के भन्न चाहान्छु भने मैलेपनि अस्ति सदन अवरुद्ध हुँदा प्रतिपक्षका मित्रहरुबाट के सोचेको थिए भने खर्च कटौति बिधेयक र यो सरकारले बजेट ठिक ल्याएन बिधेयक ठिक ल्याएन भनेर पुरक बिधेयकका रुपमा पनि ल्याउछनकि भन्ने सोचेको त किताब पनि हेरेछ कि हेरेछैन सथिहरुले त जलाउनु भएछ । अब मेरो प्रश्न त्यसपछि त बजेटै ठिक भएन नयाँ बजेट आउँछ भन्नुभो मैले त बडो  धैर्यपुर्वक अध्ययन गरअध्ययन गर्दैगर्दा ११ बुदे एउटा पत्र पाए त्यो ११ बुदे पत्रमा के रहेछ भने संघिय सरकारले अधिकांस क्षेत्रभित्र भई

बजेट टेन्डर भएका योजनाहरुलाई माग पत्र बनाएछ । जसलाई महाकाली कोरिडोर,खुटिया दिपायल राजमार्ग, अनि एयरपोर्ट ब्यालेन्स गर्ने, ४ लेनको सडक बनाउने, हुँदा हुँदा अन्तामा बडा खुसिपनि लाग्यो जब आफ्नै पार्टिको प्रधानमन्त्रिर सभापति  हुँदा आफ्नै जिल्लामा एयरपोर्टको सर्वेपनि गर्न नसक्ने मित्रहरुले प्रदेश सरकारबाट त्यो आशा राखेका कारण आफ्नो जिल्लामा त्यो सर्वेको पनि माग राखेको छ । त्यो सकारात्मक पक्ष हो किन कि प्रदेश सरकारमा विश्वास भएको कारणले त्यो डिमान्ड रहेको हो । तर अर्को पक्ष के देखिन्छ भने कैलाली र कञ्चनपूरमा ११ योजना माग गर्दाखेरि सातओटा पहाडी जिल्लाहरु मध्ये  डडेलधुराको एउटा सर्वे र डोटिको एउटा सर्वेको कुरा आउँदा कत्तिको तपाईको सन्तुलित माग थियो भन्ने कुरा हामिले पनि हेऱ्यौं । हामिले पनि त्यो बजेटको रुपलाई हेऱ्यौं त्यसैले हामि के भन्छौं भने हतपतमा मुद्धा उठाउने र पछि पछुताउने भन्दा प्रतिपक्षले बजेटमा अंश होइन नीति सच्याउन दबाव दिने हो बार्ता रे मेले सुने यहाँ सरकारसंग बार्ताहुने प्रतिपक्षलाई कहाँकहाँ भएको छ कुन देशमा भएको एकचोटि मलाईपनि यसो जानकारि हुन्छ भनेर मैले आग्रह पनि गरेको छु । बजेट त सरकारले पेश गर्छ प्रतिपक्षले बार्ता गर्छ र बजेटमा सरकारले सन्तुलित विकास नगरेको भए प्रतिपक्षको लागी झनै राम्रो भयो उसले त राजनीतिक रुपमा यो सरकारले विकास गरेन यो सरकारले बदमासि गऱ्यो भनेर ठाउँठाउँमा भन्डाफोर गर्न पाउने होनि यदि हिस्सा माग्न खोजेको हो भने सरकारमा आउनुपऱ्यो । राजनीतिक रुपमा बजेटको लागी हिस्सेदारि भनेको सरकारमा हुन्छ बार्ता र सम्बाद राजनीतिक मुद्धामा हुन्छ सत्तारुढ दलभित्र आफ्ना माननीयज्युहरुले आफ्नो दललाई राम्रो तरिकाले सञ्चालनको लागी दिने सुझावलाई प्रतिपक्षले हामिलाई सहयोग गऱ्यो समर्थन गऱ्यो भन्दै मिडियाबाजि गर्दै हिन्दा प्रतिपक्षले सत्तापक्षलाई कमजो पार्न सकिन्छ कि भन्ने धारणा होला त्यो हुनबाला छैन र हामिले हाम्रो जनमत बुझेका छौं हामिले हाम्रो धरातलपनि बुझेका छौं यो सरबारले गर्नुपर्ने काम ठिक हो कि बेठिक हो भन्ने समिक्षा पनि पार्टिले गर्नेबेला गर्छ भन्दै आफ्ना भनाई यहिँ टुङ्ग्याउँदै यो अहिलेको सरकारले ल्याएको बजेट पहिलेको भन्दा धेरै सुधारात्मक छ अझैपनि कार्यान्वयन  पक्षलाई एकदम दृढ बनाउनको लागी उपभोक्तबादि चरित्रलाई हटाउनको लागी अब उपभोक्ताको सिस्टमलाई कम गर्दै ई बिडिङ बाट जाँदै राज्यको पैशालाई जति प्रतिशत लो बिडिङ हुन्छ लो बिडिङको आधारमा सरकारले काम गर्न सकोस यो जुन तरिकाले उपभोक्ताबादि कामका कारण सत्ता र प्रतिपक्षमा कार्यकर्ताभन्ने हुन्छ त्यसपछि कार्यकर्ता ई बिडिङमा जसले ठिक गर्छ त्यसले काम गर्नसक्ने

परिपार्टितिर सरकारको ध्यान जाओस र प्रदेश खरिद ऐनको लागीपनि सरकारले यसैबर्ष तयारि गरोस भन्दै म बिदा हुन्छु धन्यबाद ।

**मा० नन्द वहादुर सांउद** :- माननीय महोदय,सुदूरपश्चिम प्रदेश सभाको यो अबिधेशनमा सरकारले आर्थिक बर्ष २०७६/०७७ को अनुमानित बजेट जुन सदनमा पेश भएको छ यो माथि हामि बिषयगत मन्त्रालयमा आफ्नो धारणा र सल्लाह सुझाब दिने प्रक्रिया जारि छ । र यसो हुँदा म सरकारको तेस्रो बजेट जुन अहिले हामिले यसलाई पुर्ण बजेट भनेकका छौं हामिले बिगतको बजेटलाई हेर्दा त्यसमा संरचनाहरु थिएन कार्यान्वयन गर्ने एकाईहरु थिएन अहिले यहाँ सरकारको आफ्ना कार्यान्वयन गर्ने एकाईहरु जो सञ्चालन भए अबको सरकारको बजेट भनेको लोकप्रिय बजेट हुन्छ र जनताका आधारभूत आवश्यकतासंग जोडिएको बजेट हुन्छ र यो सरकारले ५ वर्षको अवधि लिएर आएको छ जो यसले जनताको सामु बोलेको कुराहरु छ हामि सबैलाई थाहा छ हामि चुनावमा जाँदा हाम्रो कम्युनिष्ट पार्टिले एउटा मुद्धा उठाएका छौं र ५ वर्षसम्म यो सरकार टिक्छ भन्ने हेतुले आज धेरै मान्छेहरु आज आतंकित पनि छन हामिले सुनिराखेका छौं अब यो प्रदेशमा यो सदनमा र यो सरकारमा हामि कुनैपनि संरचना नभएर कुनैपनि हाकिम अथवा कुनैपनि कर्मचारि नभएर हाम्रो बजेट फ्रिज हुनेबाला छैन । अहिलेको यि कामहरु अगाडी बढाउँदै छ यो बजेटमा त्यसैले हामि यो कार्यको लागी पनि अगाडी बढोस भन्ने चाहान्छौं त्यसैले मयो सदनमा विशेस गरेर जुन बजेट ल्याएको छ सरकारले माननीय मार्फत माननीय आर्थमन्त्रि लगायत सिङ्गो सदन र सरकारलाई म धन्यबाद दिन चाहान्छु ।हामिले यहाँ छलफलको सुरुवात गरेका छौं हामिसंग ७ ओटा मन्त्रालयहरु छन हामिले एउटामात्रै किताब पाएका छौं बाँकि कुनैपनि मन्त्रालयको कार्यक्रमहरु हामिसंग छैन र हामिले सुनेका बुझेका छौं रकेहि समयपछि हामि ब्रेकडाउन गर्दै कार्यक्रमहरु अगाडी बढाउने छौं त्यसो भएको हुनाले म बिषयगत मन्त्रिज्युहरुलाई म ध्यानाकर्षण गराउन चाहान्छु अबभन्दा पछिका कार्यक्रमहरु जोड्दा सबैलाई समाबेशि हुने तरिकाले आगाडी बढोस भन्ने शुभकामना दिन चाहान्छु ।माननीय सभामुख महोदय हामिले यहाँ सुन्यौं देख्यौं र प्रत्यक्ष रुपमा हाम्रो यो सदनमा रेकर्ड पनि छ आज केहि माननीयज्युहरुले भन्नुभयो अहिले त हामिले रातो किताबमात्र जलायौं भविस्यमा अर्को कुनै चिजपनि हुनसक्छ त्यो कुनैचिज के रहेछ हामि यहँ सुन्न चाहान्छौं । हामिले यसलाई गम्भीर तरिकाले यसलाई बुझ्नुपर्छ म यो सदनको ध्यानाकर्षण गराउन चाहान्छ कि त्यो बोलेको

भाषा यहाँ रेकर्ड छ आज कैलाली कञ्चनपूर हामि सुनिराखेका छौँ र यो प्रदेशमा हामिले बिगत केहि वर्षमा सरकारको नामाकरण र राजधानी तोक्नेबेला हामि सुन्यौं कि जहाँ सरकारका मन्त्रिहरु बसेका छन जहाँ सरकारका सांसदहरु बसेका छन सबको घर घरमा गएर जलाउनुपर्छ भन्ने पनि आवाज सुन्यौं र अहिले यो सदनमा बोलिरहँदा हामिले सुनिरहेका छौं रातो किताबमात्रै जलाएको हो भविश्यमा केहि अरु चिजपनि हुनसक्छ त्यो चिज के रहेछ स्पष्ट जवाफ दिनुपर्छ यो कुरा म माग गर्न चाहान्छु र हामिले प्रजातन्त्रले अभ्यास गरिरहेका कुराहरु पनि यहाँ साम्यबादको लक्ष्य लिएरपनि अगाडी लागिराखेका छौं त्यसैले हामिले यो सदनमा २००८ सालदेखि सरकारले ल्याएका कुराहरुपनि हामिले सुन्यौं त्यसै म के भन्न चाहान्छ कि अहिले यहाँ ५३ जना सांसदहरुलाई  एउटै डुङ्गामा राखेर अगाडी बढ्ने स्थिति म देख्दैन तर सदनको हिसाबले सांसदको हिसाबले जिम्मेवारिको हिसाबले आफ्नो ठाउँमा रहन सक्छ माननीय  महोदय त्यसैले यहाँ व्यवस्था गरिएको छ २,३ ठाउँमा बसेका छौं यो सदनभित्र भएका व्यवस्थाका कुराहरु हो हामिले  योकुराहरु बुझ्नुपर्ने अवस्था आउँछ त्यसै आज यो सरकारमा बजेट चलिरहँदा यहाँ सरकारसंग भद्र सहमति भएको छ भन्ने कुराहरुपनि हामिले सुन्यौं यहाँ छाया सरकारलेपनिसरकारले पनि बजेट ल्याएको छ रे  केहि दिन अगाडी हामिले फेसबुकमा पनि हामिले देख्यौं तर मैले सबै पढ्दा राष्ट्रिय गौरवका योजनाहरु हामिले त्यो योजनाहरु राखेका हौं भन्ने कुराभन्दा बाहेक केहिपनि देखेन ।त्यसैले अब छाया सरकारको अर्थमन्त्रिज्यु को हुनुहुन्छ त्यो मलाई थाहा छैन तर वहाँले कुनकुन ठाउँमा बजेटको बाँडफाँड गर्नुभयो हमिले दखिराखेको स्थिति छ त्यसैले कुरा केहो भन्दा यहाँ म भन्न चाहान्छु धेरै माननीयज्युहरुले बजेटको बारेमा ब्यापक बहस गर्नुभयो मेरो पुर्ण समर्थन छ र अबको पाटो भनेको कर्यान्वयनको पाटो हो त्यसैले बजेटको सबल पक्षको बारेमा माननीय लिलाधर भट्टज्युले भन्नुभयो अब यो बजेटलाई हामिले कसरि कार्यान्वयन गर्ने यो ५ महिनाको लागी हामिले केहि मन्त्रालयहरुमा स्वयमसेवकहरु भर्ना गरेर हामि काम गर्दैछौं । अगामी वर्षमा बजेटको संविधानमा व्यवस्था भए अनुसार १ गतेबाट कार्यान्वयन गर्नुपर्ने अवस्था आउँछ हामिलाई के लाग्छ भन्नुहुन्छ भने यो ठुलो सहमति भयो यहाँ ठुलै रानीतिक परिवर्तन भयो अन्तरदेशिय सहमति भयो जस्तो मलाई

केहिपनि लाग्दैन र त्यो सहमति प्रतिपक्षलाई संगै लैजानको लागी कहिँनेर केहिकुरा भनेको हुनसक्छ तर यहाँ ठुलै आन्दोलन गरेर ठुलै हामि गणतन्त्रको हिस्सेदार हौं भनेर जुन भद्र सहमतिको कुरा गर्नुभयो तर मलाई त्यो कुरा आस्वस्थ लागेको छैन  महोदय विशेषतः हामिले अहिलेको बजेटमा एउटा सुत्र प्रणालिको आयोजना गरेका छौँ जो केहिदिन अगाडीमात्र हाम्रो अर्थमन्त्रिज्युले धेरैकुराको व्याख्या गर्छु भन्नुभएको छ ७ ओटै प्रदेशको बारेमा हामिले त्यो कुरा बोलिसकेपछि अहिले धेरै सजिलो भएको छ त्यसैले हामिले क्रमागत हिसाबले योजनाहरुलाई हामिले प्राथमिकतामा राखेका छौँ । कतिपय ठाउँमा बहुर्षे योजनाहरुपनि भएका कुराहरु सुनिररहेका छौँ । हाम्रै क्षेत्रमा १४ करोडको ठेक्का बहुबर्से भएको छ भने अरु क्षेत्रमापनि भएको हुनसक्छ त्यसैले अहिले यो बजेटलाई कार्यान्वयन गर्ने सवालमा विशेष तमन्त्रालयसंग जोडेर हम्रो कार्यान्वयन गर्ने एकाईहरुमा सरकारले बिशेष रुपमा ध्यान पु्र्याओस भन्ने कुरा राख्न चाहान्छु । र उद्योगको सवालमा एक क्षेत्रमा २ ओटा उद्योग भनेका छौँ त्यसको कुरा गर्दा लम्किचुहामा बासुलिङ सुगर मिल भन्ने एउटा पुरानो मिल छ त्यसको अनुगमन गर्न सक्छौ आखिर् पुरानो भएपनि त्यहाँ धेरै खर्च भएको छ सरकारले विशेष गरेर कैलाली जिल्लालाई हामिले विशेष आर्थिक क्षेत्रको रुपमा घोषणा गरेका छौँ ।त्यो बासुलिङ मिललाई पनि माननीय मन्त्रिज्युले अध्ययन गर्ने बाटो बनाउनुहोला भन्न चाहान्छु । हामिले हरेक ठाउँमा ट्रमा सेन्टरको कुरा गरिरहेका छौँ लम्किचुहामा २८ करोडको हाराहारिमा एउटा ट्रमा सेन्टरको नामाकरण गरेर भर्खरै मात्र हामिले १० करोड लगानी गरेर कामको सुरुवात भएको छ ।त्यो हस्पिटललाई प्रदेश सरकारले एउटा गौरवको योजनाको रुपमा अगाडी बढाओस बिशेष गरेर माग राख्न चाहान्छु । र अहिलेको हाम्रो समस्या भनेको उत्तर दक्षिणका  कुराहरु छन बनसंग जोडिएका कुराहरु छन माननीय  महोदय हामि देखिरहेका छौँ थुप्रै राष्ट्रिय योजनाहरु आज बन र चुरेले गर्दाखेरि ति कार्यक्रमहरु पुर्ण भएको देखिदैन अस्तिमात्र माननीय मन्त्रिज्युले अब ६० दिनभित्र हामि यसलाई पुरा गरेर काम यथासिघ्र अगाडी बढाउँछौँ भन्नेकुरा मैले सुनेको थिए त्यसैले अहिलेले हाम्रो ९ ओटा जिल्लामा कहिँ वन क्षेत्र परेको छ भने ति वनहरुभित्र रहेर  ति ट्र्याक खोल्नको निम्ती वातावरण बनाओस भन्ने अनुरोध गर्न चाहान्छु

र राष्ट्रिय गौरबका योजनाहरु यो प्रदेशमा छन त्यसमा बजेटको कमि छ रहामिले पटकपटक त्यो कुरा राखेका छौं माननीय मार्फत म के भन्न चाहान्छु भन्दा त्यो कार्यक्रमहरुमा संघिय सरकारले समयमा ध्यान दिएर यथासिघ्र थप बजेटको पनि माग गरोस भन्न चाहान्छु ।र मैले सरकारको नीति तथा कार्यक्रमको बिषयमा केहि कुरा बोलेको थिए कैलाली बञ्चनपूरमा हामिसंग ठुलाठुला खानेपानिका प्रोजेक्टहरु छन अहिले जुन संघबाट आउने जुन कार्यक्रमहरु छ हामिले पटक पटक यो कुरा गर्दा ससत्र कार्यक्रम आज बिबादित भएको छ । त्यो कार्यक्रम हाम्रो क्षेत्रमा हैन हुम्ला जुम्लामा त्यो कार्यक्रम परेको छ । तर प्रदेश सरकारले त्यो बजेट ल्यायो वहाँहरु भन्नु हुन्छ त्यसैले यो संघिय सरकारले जुन ससर्त जुन कार्यक्रम ल्याएको त्यसमा बजेट कम छ त्यो बजेटले कामगर्ने स्थिति हुँदैन यो कुरामा विशेष गरेर सरकारको ध्यान जाओस भन्न चाहान्छु । हामिले ९ करोडको हाराहारिमा खानेपानि ट्यांकिहरु बनाउनुपर्ने अवस्था छ । तर हामिले के भनेका थियौं भन्दा जनताको पनि सहभागिता भएर सह लगानिको माध्यमबाट गयौं भने काम पनि छिटो हुन्छ भनेरपनि हामिले भनेका थियौं तर यो चोटिको कार्यक्रममा हामिले पार्न सकेनौं जहाँसम्म हुन्छ यो पनि अगाडी बढाओस भन्न चाहान्छु र अहिले मुख्य कुरा हामिसंग जग्गाको कुराहरु छ सुकुम्बासि भुमिनहरु छन हामिले पटक पटक त्यो कुरा उठाई राखेका छौं र अब यो भन्दा पछिका दिनहरुमा सरकारले समुन्वय गरेर अब हामिले पुर्जा नभएको ठाउँमा पुर्जा दिनुपर्ने अवस्था छ भुमि सम्बन्धी ऐन बनाएर भएपनि हामिले अगाडी बढ्नुपर्छ भन्ने कुरा माननीय ज्यु मार्फत भन्न चाहान्छु र अहिले हाम्रो बिकाशको बाधक भनेको सार्बजनिक खरिद ऐनको कुराहरु छ अब यो प्रदेशमा भोलिआफ्नो मौलिकतामा अगाडी बढ्दा हाम्रो प्रदेशमा सार्बजनिक खरिद ऐन बनाउन पाउने कि नपाउने आज हामि २८ करोडको कुरा गर्दैछौं समयमा त्यो काम सम्पन्न गर्नका निम्ती सार्बजनिक खरिद ऐनका कुराहरु हामिले विशेष रुपमा जोड्नुपर्छ र प्रदेशलाई अगाडी बढाउनुपर्छ र अहिले क्रमागत र भुगोलको कुराहरु जोडिएको छ यसमा कहि सनतुलन नमिलेको कुराहरु हामि सुनिरहेका छौं यो कुरा अगामी दिनहरुमा सम्भव हुन्छ भने सरकारको ध्यान जाओस भन्दै बिदा हुन्छु हवस त धन्यबाद ।

*(बोलीसकेपछि)*

३. **माननीय सदस्यहरू,**

आजको छलफलको लागि निर्धारित समय यही समाप्त हुन्छ । बाँकी छलफलको कार्य मिति २०७६ साल आषाढ २६ गते विहीबार विहान ८:३० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।